संयुक्त राष्ट्रसङ्घीय
महासभा

ए/एचआरसी/३१/९
वितरण: सामान्य
२०७७ चैत १७ गते सक्कल:
अङ्ग्रेजी

विश्वव्यापी आवधिक समीक्षा: कार्यसमूहको प्रतिवेदन नेपाल

इन्सेक
insec

संयुक्त राष्ट्रसङ्घ
महासभा

ए/एचआरसी/३१/९
वितरणः सामान्य
२०७७ चैत १७ गते
सक्कलः अङ्ग्रेजी

मानव अधिकार परिषद्
४७ औँ बैठक
२०७८ असार ७–२५ गते
कार्यसूची (Agenda Item) नं. ६
विश्वव्यापी आवधिक समीक्षा

विश्वव्यापी आवधिक समीक्षाः कार्यसमूहको प्रतिवेदन*
नेपाल

* *परिशिष्ट औपचारिक सम्पादनबिना, पेश गरिएको भाषामा मात्र सम्प्रेषित गरिएको छ।*

विश्वव्यापी आवधिक समीक्षाः कार्यसमूहको प्रतिवेदन, नेपाल

प्रकाशन मितिः २०७८ चैत

सङ्ख्याः २ हजार प्रति

प्रकाशकः अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकारः इन्सेकमा सुरक्षित

इन्सेक पुस्तक नं. २०१

मुद्रकः ड्रिम ग्राफिक प्रेस

मानव अधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौं
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np
वेबसाइटः www.insec.org.np, www.inseconline.org

विषयसूची

		पृष्ठ
भूमिका		४
१.	समीक्षा प्रक्रियाको सारांश	५
	(क) परीक्षण भएको राज्यको प्रस्तुति	५
	(ख) समीक्षाअन्तर्गत राज्यको अन्तरक्रियात्मक संवाद र प्रतिक्रियाहरू	१४
२.	स्वीकार गरिएको सुझावहरू	२२
३.	जानकारीमा लिइएका (Noted) सिफारिसहरू	४१
४.	मानव अधिकार परिषद्को २०७८ असार ७ देखि २५ गतेसम्मको ४७ औं बैठकमा तेस्रो चरणको समीक्षाअन्तर्गत प्राप्त निष्कर्ष/सिफारिसहरू र स्वैच्छिक प्रतिबद्धताहरूमा नेपालले प्रस्तुत गरेको जवाफहरू	४५
५.	अनुसूची: प्रतिनिधि मण्डलको संरचना	५५

भूमिका

संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्अन्तर्गत ३७ औँ बैठकमा नेपालको समीक्षा २१ जनवरी (२०७७ माघ ८ गते) मा सम्पन्न भई यूपीआर कार्यदलले नेपालबारेको प्रतिवेदन सार्वजनिक गरिसकेको छ । त्यस्तै, २१ जुनदेखि ९ जुलाइ, २०२१ (२०७८ असार ७ देखि २५) सम्म भएको मानव अधिकार परिषद्को ४७ औँ बैठकमा कार्यदलको प्रतिवेदन उपर नेपाललाई प्राप्त सुझावहरू नेपाल सरकारले ग्रहणसमेत गरेको छ ।

नेपाल सरकारले कार्यदलको प्रतिवेदनमा उल्लेखित २ सय ३३ सिफारिसहरूमध्ये १ सय ९६ सिफारिसहरू पूर्णरूपले स्वीकार गरेको छ भने ३७ वटा सिफारिसहरूलाई जानकारीमा लिएको भनेर अस्वीकार (Noted) गरेको छ ।

नागरिक समाजका सदस्यहरू तथा सबै सरोकारवालाहरू निकायहरूलाई उपयोगी हुने भएकाले अङ्ग्रेजी भाषामा रहेको यूपीआर कार्यदलको प्रतिवेदन र नेपाल सरकारको प्रतिबद्धतालाई नेपाली भाषामा अनौपचारिक अनुवाद गरी यो पुस्तक प्रकाशन गरिएको छ । मानव अधिकार समुदायलगायत यस सम्बन्धमा अध्ययन गर्न चाहाने सबैलाई यो पुस्तक उपयोगी हुने विश्वास लिएको छु ।

पुस्तक प्रकाशनका लागि आर्थिक तथा अन्य प्राविधिक सहयोग उपलब्ध गराउने साझेदार संस्थाहरूका साथै पुस्तकको छपाइ तथा तथा अन्य प्राविधिक सहयोग गर्ने संस्थालाई धन्यवाद दिन चाहान्छु ।

यो पुस्तक प्रकाशनको संयोजन गर्नुहुने विश्वव्यापी आवधिक समीक्षाका लागि नेपाली गैरसरकारी संस्थाको सञ्जालको सचिवालय, इन्सेकका श्रीराम बजगाई, सम्झा श्रेष्ठ र आर्जु कार्की, भाषा सम्पादनका लागि मदन पौडेल र साजसज्जाका लागि गीता मालीलाई धन्यवाद दिन चाहान्छु ।

डा. इन्दिरा श्रेष्ठ
अध्यक्ष

परिचय

१. मानव अधिकार परिषद् प्रस्ताव नं ५/१ बमोजिम स्थापित विश्वव्यापी आवधिक समीक्षाको कार्यसमूहले सन् १८ जनवरीदेखि ८ फेब्रुवरी २०२१ (तदनुसार २०७७ माघ ५ देखि माघ २६) मा ३७ औँ बैठक आयोजना गरेको थियो। २१ जनवरी २०२१ (तदनुसार २०७७ माघ ८) मा नेपालको समीक्षा ७ औँ बैठकमा भएको थियो। नेपाली प्रतिनिधिमण्डलको नेतृत्व परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले गर्नुभएको थियो। २६ जनवरी २०२१ (तदनुसार २०७७ माघ १३) मा १४ औँ बैठकमा कार्यसमूहले नेपालबारे प्रतिवेदन पारित गरेको थियो।

२. १२ जनवरी २०२१ (तदनुसार २०७७ पुष २८) मा मानव अधिकार परिषद्ले नेपालको समीक्षाको सहजीकरण गर्न निम्न समाधीक्षकहरूको समूह (ट्रोइका) छनोट गरेको थियो: अर्जेन्टिना, बुर्किनाफासो र भारत।

३. मानव अधिकार परिषद्को प्रस्ताव नं ५/१ को अनुसूचीको प्रकरण १५ र परिषद्को प्रस्ताव नं १६/२१ को अनुसूचीको प्रकरण ५ अनुसार, नेपालको समीक्षाको लागि निम्न दस्तावेज जारी गरिएका थिए:

   क. प्रकरण १५(क) बमोजिम लिखित/प्रस्तुति गरिएको एक राष्ट्रिय प्रतिवेदन[1];

   ख. प्रकरण १५(ख) अनुसार संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालय (OHCHR) द्वारा तयार गरिएको सङ्कलित सामग्री[2];

   ग. OHCHR द्वारा प्रकरण १५(ग) अनुसार तयार गरिएको एक सारांश[3]।

१. समीक्षा प्रक्रियाको सारांश

(क) परीक्षण भएको राज्यको प्रस्तुति

५. प्रतिनिधिमण्डलले मानव अधिकार परिषद् र महिलाविरुद्ध हुने भेदभाव उन्मूलन समितिमा सदस्यताको लागि सन् २०२० को चुनावमा नेपालको

1 A/HRC/WG.6/37/NPL/1.
2 A/HRC/WG.6/37/NPL/2.
3 A/HRC/WG.6/37/NPL/3.

उम्मेदवारीलाई समर्थन गरेकोमा सदस्य राष्ट्रहरूलाई धन्यवाद दियो । परिषद्को काममा नेपालले प्रतिबद्धता जनायो ।

६. राष्ट्रिय प्रतिवेदन तयार गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संयोजकत्वमा रहेको अन्तरक्षेत्रीय (cross-sectoral) समिति गठन गरियो । सरोकारवालाहरूसँग व्यापक परामर्श गरियो र मस्यौदा प्रतिवेदन प्रतिक्रिया र सुझावसहित सम्मिलित गरी प्रवाहित गरियो ।

७. नेपालले सन् २०१५ को विश्वव्यापी आवधिक समीक्षामा १ सय ५२ वटा सिफारिसहरू स्वीकार गरेको थियो । जसमध्ये अधिकांश सिफारिसहरू कार्यान्वयन भइसकेका छन् । प्रधानमन्त्री र मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको संयन्त्रले कार्यान्वयन अवस्थाको अनुगमन गरेको थियो ।

८. अघिल्लो समीक्षादेखि, बालअधिकारसम्बन्धी महासन्धि, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिअन्तर्गत नेपालले पेश गरेका आवधिक प्रतिवेदनहरूउपर सम्बन्धित सन्धिजनित निकायहरूले विचार गरेका थिए । साथै, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि, नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध तथा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धअन्तर्गतका प्रतिवेदनहरू तयार हुँदै थिए ।

९. नेपालले सन् २०२० को जुनमा (तदनुसार वि सं २०७७ जेठ) मानव बेचबिखन, विशेषगरी महिला र बालबालिकाको बेचबिखन रोक्न, दमन र दण्डित गर्ने अनुबन्धलाई सम्मिलन गरेको थियो । नेपालले अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूमा सम्मिलित हुन आवश्यक कानुनी र संस्थागत क्षमता निर्माण गर्ने उद्देश्य राखेको थियो ।

१०. सन् २०१८ मा नेपालले आप्रवासी व्यक्तिहरूको मानव अधिकार र महिला हिंसाका कारण र परिणामसमेत महिला हिंसाविरुद्ध सम्बन्धित विशेष समाधीक्षकलाई राज्य भ्रमणका लागि आमन्त्रण गरेको थियो । नेपालले सन् २०२१ मा खाद्य अधिकारसम्बन्धी विशेष समाधीक्षक र चरम गरिबी र मानव अधिकारसम्बन्धी विशेष समाधीक्षकलाई स्वागत गर्नेछ ।

११. वि. सं. २०६३ मा नेपालमा राजनीतिक रूपान्तरणको नयाँ युगको सुरुवात गरेको थियो । यसैगरी वि. सं. २०७२ मा लोकतान्त्रिक संविधान जारी भई संविधानले नागरिक, राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारको

प्रत्याभूति गरेको छ भने राष्ट्रिय स्वामित्वमा आधारित शान्ति प्रक्रियामार्फत द्वन्द्वबाट मुलुकलाई शान्तितर्फ रूपान्तरण गर्ने समावेशी, सङ्घीय, लोकतान्त्रिक र गणतन्त्रात्मक व्यवस्थालाई सुदृढ गरेको छ । वि. सं. २०७४ मा नेपालमा सङ्घ, प्रदेश र स्थानीय तहको सहभागितामूलक निर्वाचन भयो ।

१२. विगत चार वर्षमा नेपालको मानव अधिकारप्रतिको प्रतिबद्धतालाई कार्यान्वयन गर्न र सङ्घीयताको प्रक्रियालाई अगाडि बढाउन व्यापक कानुनी सुधारको प्रक्रिया अघि बढाइएको थियो । संविधानले नयाँ अधिकारहरू प्रत्याभूत गरेको छ ।

१३. नेपालले आफ्नो पाँचौं राष्ट्रिय मानव अधिकार कार्ययोजना २०७७/०७८ देखि २०८१/०८२ कार्यान्वयन गर्दै आएको छ, जसले विश्वव्यापी आवधिक समीक्षा र सन्धिजनित निकायहरूका (treaty bodies) सिफारिसहरूको कार्यान्वयन र अनुगमनलाई एकीकृत गरेको छ ।

१४. राष्ट्रिय मानव अधिकार आयोगलाई "क" दर्जाको संस्थाको रूपमा मान्यता प्राप्त भएको छ । महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु र मुस्लिम केन्द्रित अन्य स्वतन्त्र आयोगहरूले ती विशिष्ट समुदायहरूको अधिकारको प्रवर्द्धन र संरक्षण गर्ने काम गरेका छन् ।

१५. आयोगका सुझावहरू कार्यान्वयन गर्न सरकार प्रतिबद्ध थियो । विगत दुई दशकमा राष्ट्रिय मानव अधिकार आयोगले एक हजार १ हजार १ सय ९५ सिफारिसहरू सुझाएको थियो । जसमध्ये अधिकांश सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित थिए दुईवटा सङ्क्रमणकालीन न्यायसम्बन्धी संयन्त्रद्वारा ती विषय सम्बोधित हुँदै आएका छन् । सरकारले राहत दिने र सार्वजनिक कर्मचारीहरूलाई कारबाही गर्ने सुझाव कार्यान्वयन गरेको थियो । राष्ट्रिय मानव अधिकार आयोग ऐन संशोधन गर्नेसम्बन्धी बाँकी रहेका केही सिफारिसहरू विचाराधीन छन् ।

१६. राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकारको प्रवर्द्धन र संरक्षणका लागि राष्ट्रिय संस्थाहरूको हैसियतसम्बन्धी सिद्धान्तहरू (पेरिस सिद्धान्तहरू) अन्तर्गत आफ्नो कार्यादेश पूरा गर्न आवश्यक पर्ने स्रोतहरू उपलब्ध गराएर सशक्तिकरण गर्न सरकार प्रतिबद्ध थियो । सरकारले विभिन्न विषयगत आयोगका आयुक्तहरूलाई समावेशी रूपमा नियुक्त गर्न र तिनका कामका लागि आवश्यक स्रोतसाधन उपलब्ध गराउन सिफारिस गरेको थियो ।

१७. नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक भएको हुँदा समानता, समावेशीता, धर्मनिरपेक्षता, अविभेद र सामाजिक न्यायमा विश्वास

गर्दछ । वर्ग, जाति, क्षेत्र, भाषा, धर्म र लिङ्गका आधारमा हुने भेदभावलाई निषेध गरिएको छ । छुवाछुतलाई कानुनी रूपमा दण्डनीय बनाइएको छ । जातीय भेदभावका सबै उजुरीहरू छानबिन गरी जिम्मेवारहरूलाई अभियोजन गरिएको छ ।

१८. संविधानले यौनिक अल्पसङ्ख्यकलाई राज्यका निकायमा सहभागी हुने अधिकार सुनिश्चित गरेको छ । जनगणना र मतदाता नामावलीले नागरिकता प्रमाणपत्र र राहदानीमा महिला तथा पुरुष समलिङ्गी, द्विलिङ्गी, तेस्रो लिङ्गी र अन्तर्लिङ्गी व्यक्तिहरूलाई (Lesbian, Gay, Bisexual, Transgender, Intersex) "अन्य" श्रेणीअन्तर्गत मान्यता दिएको छ । यौन झुकाव तथा लैङ्गिक पहिचानमा आधारित भेदभावलाई दण्डनीय बनाइएको छ ।

१९. २०७२ सालको भूकम्पमा ८ हजार ७ सय ९० जनाको ज्यान गएको थियो भने २२ हजार ३ सय २ जना घाइते भएका थिए । सरकारले घाइते सबैको उपचारको व्यवस्था गरेको र पुनर्निमाणको काम अन्तिम चरणमा पुगेको छ । नेपालले अझै सवल पूर्वाधार निर्माण गरी प्राकृतिक प्रकोपको प्रतिकार्य र व्यवस्थापन गर्ने क्षमतामा सुधार गरेको छ ।

२०. नेपाल जलवायु परिवर्तन सिर्जित चुनौतीहरूका जोखिममा रहेको हुँदा राष्ट्रिय अनुकूलन योजनाको बनाइराखेको छ । सन् २०५० सम्ममा शून्य कार्बन उत्सर्जन (net zero carbon emission) गर्ने लक्ष्य राखेको छ ।

२१. पन्ध्रौं राष्ट्रिय विकास योजना कार्यान्वयन भइरहेको छ । सबलीकृत साझेदारीको माध्यमबाट दिगो विकास लक्ष्यहरू र विकासको अधिकारसहित अन्य अन्तर्राष्ट्रिय रूपमा सहमति भएका विकास लक्ष्यहरू हासिल गर्नु सम्पूर्ण मानव अधिकारका संरक्षणका लागि महत्वपूर्ण छ । नेपालले सन् २०३० सम्ममा विकास लक्ष्यहरू हासिल गर्ने उद्देश्य राखी तिनलाई राष्ट्रिय विकास नीतिहरूमा मूलप्रवाहीकरण गरेको छ ।

२२. मानव विकास प्रतिवेदन २०२० ले अति कम विकसित मुलुकबाट निम्न-मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्ने तयारी गरिरहेको नेपालको मानव विकास सूचाकाङ्कमा सुधार भएको देखाएको छ । "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने नारामा समेटिएको परिकल्पनालाई अँगालेर नेपालले पूवाधार र सामाजिक क्षेत्रमा लगानी बढाएको छ ।

२३. नेपालले मृत्युदण्ड खारेज गरेको छ । यातनालाई दण्डसंहिता २०७४ मा अपराधीकरण गरेको छ र दोषीलाई पाँच वर्षसम्म कैद सजाय हुनसक्ने

व्यवस्था गरेको छ। लापरबाही र मानव अधिकार उल्लङ्घन गरेको आरोपमा १ सय ५८ प्रहरीहरूलाई विभागीय कारबाही गरिएको छ। यातनासम्बन्धी मुद्दा दायर गर्ने हदम्याद ३५ दिनबाट बढाएर ६ महिना बनाइएको र पीडितलाई क्षतिपूर्ति पाउने अधिकार छ।

२४. प्रहरी प्रधान कार्यालय र सबै प्रदेश तथा जिल्ला प्रहरी कार्यालयमा मानव अधिकार केन्द्र तोकिएको छ। सुरक्षाकर्मीहरूलाई मानव अधिकारको प्रवर्द्धन र संरक्षण र मानव अधिकार उल्लङ्घन रोक्न तालिमहरू प्रदान गरिएको छ। सबै प्रशिक्षण पाठ्यक्रमहरूमा मानव अधिकारलाई अभिन्न अङ्ग बनाइएको छ। शान्ति सुरक्षा कायम राख्दा सुरक्षा बलहरूले न्यूनतम बल प्रयोग गरेका छन्।

२५. स्वेच्छाचारी गिरफ्तारी र नजरबन्दबाट सुरक्षित गरिएको थियो। गैरन्यायिक हत्याका सबै घटना प्रतिवेदनहरूको छानबिन गरी जिम्मेवार व्यक्तिहरूलाई प्रचलित कानुनबमोजिम सक्षम अधिकारी मार्फत अभियोजित र दण्डित गरिएको छ।

२६. न्यायपालिकाको स्वतन्त्रता, सक्षमता र निष्पक्षताको प्रत्याभूति संविधानले गरेको छ। न्यायिक शक्तिको प्रयोग शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलनको सिद्धान्त अनुसार गरिएको छ।

२७. सुशासनलाई प्राथमिकतामा राखेर अनियमितता र भ्रष्टाचारको रोकथाम, अनुसन्धान र जिम्मेवार व्यक्तिलाई कारबाही गर्न स्रोतसाधन विनियोजन गरिएको छ।

२८. पुरुष र महिला कैदीहरूलाई छुट्टाछुट्टै राखिएको छ भने १८ वर्ष मुनिका बालबालिकालाई बाल सुधार गृहमा पठाइएको छ। सरकारले बन्दीहरूको लागि दैनिक जीवन भत्ता बढाएको छ र "खुला" कारागारसहित नयाँ कारागारहरू निर्माण गरिएको छ, जसमा पुरुष, महिला, अपाङ्गता भएका व्यक्तिहरू र महिला तथा पुरुष समलि, द्विलिङ्गी, तेस्रो लिङ्गी र अन्तर्लिङ्गी व्यक्तिहरूलाई व्यक्तिहरूका लागि (Lesbian, Gay, Bisexual, Transgender, Intersex) छुट्टै ब्लकहरू निर्माण गरिएको छ।

कोरोनाभाइरस महामारीको समयमा कैदीहरूलाई सुरक्षात्मक उपकरण, सेनेटरी वस्तुहरू र चिकित्सा हेरचाह प्रदान गरी सुरक्षाका उपायहरू अपनाइएको छ। भिडभाड कम गर्न ६ हजार ६ सय ७२ कैदीलाई रिहा गरिएको थियो।

२९. नेपाल सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमार्फत सङ्क्रमणकालीन न्यायको प्रक्रिया टुङ्ग्याउन प्रतिबद्ध रहेको छ । नेपालमा सङ्क्रमणकालीन न्याय प्रक्रियालाई विस्तृत शान्ति सम्झौता, सर्वोच्च अदालतको निर्देशन, सान्दर्भिक अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू, पीडितका चासोहरू र व्यवहारिक यथार्थहरूद्वारा निर्देशित गरिएको छ । गम्भीर मानव अधिकार उल्लङ्घनका घटनामा आममाफी नहुनेमा सरकार आफ्नो अडानमा कटिबद्ध रहेको छ ।

३०. सत्य निरूपण तथा मेलमिलाप आयोगमा ६३ हजार ७ सय १८ उजुरी परेका थिए र आयोगले प्रारम्भिक छानबिन गरी, उजुरीको सत्यता परीक्षण थप छानबिनका लागि मुद्दाहरू एकीकृत (consolidate) गरेको छ । आगामी दिनमा आयोगले २ सय मुद्दाहरूमा विस्तृत अनुसन्धान गर्नेछ ।

३१. बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा ३ हजार २ सय २३ उजुरी परेकामध्ये प्रारम्भिक छानबिन गरी २ हजार ५ सय १४ उजुरीको परीक्षण गरेको छ । साथै २ हजार ९७ मुद्दामा विस्तृत अनुसन्धान गरिरहेको छ ।

३२. नेपालले मानव अधिकारको प्रवर्द्धन र संरक्षणमा नागरिक समाज र सञ्चारमाध्यमलाई अपरिहार्य साझेदार मानेको छ र २ सय ३७ अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (NGOs) र समाज कल्याण परिषद्सँग आबद्ध ५१ हजार भन्दा बढी गैरसरकारी संस्थाहरूसँग साझेदारी गरेको छ ।

३३. आफ्नो अधिकारको प्रयोगसँगै अरूको अधिकार र दायित्वप्रति सबैले समान रूपमा सम्मान गर्नुपर्छ भन्ने बुझाइसहित नेपालले विचार र अभिव्यक्तिको स्वतन्त्रता र शान्तिपूर्ण भेला हुने अधिकारको सम्मान गरेको छ ।

३४. संविधानले धार्मिक स्वतन्त्रताको प्रत्याभूति गरेको छ । अपराध संहिताले घृणायुक्त अभिव्यक्ति, धार्मिकस्थलमा आक्रमण र धार्मिक असहिष्णुता पैदा गर्ने गतिविधिलाई अपराधिकरण गरेको छ । जबरजस्ती धर्म परिवर्तनलाई कानुनले निषेध गरेको छ ।

३५. कामको अधिकारका सम्बन्धमा 'राष्ट्रपति महिला उत्थान कार्यक्रम', 'प्रधानमन्त्री रोजगार कार्यक्रम' र 'प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना' ले रोजगारी सिर्जना गरेका छन् । श्रम, रोजगारी र सामाजिक सुरक्षासम्बन्धी नीतिहरू राष्ट्रिय मानव अधिकार कार्ययोजना २०७७/०७८ देखि २०८१/०८२ अनुरूप बनाइएका छन् ।

३६. नेपालको श्रम कानुनले समान कामको लागि समान पारिश्रमिकलाई प्रत्याभूत गरेको छ । कानुनले मातृत्व बिदा ५२ बाट बढाएर ९८ दिन बनाएको छ ।

सरकारले न्यूनतम पारिश्रमिक र न्यूनतम १ सय दिनको तलब रोजगारीको प्रत्याभूत गरेको छ । जबरजस्ती श्रम निषेध गरिएको छ र मजदुरहरू ट्रेड युनियनहरू गठन गर्न र सामूहिक सौदाबाजीमा संलग्न हुन सक्छन् ।

३७. आप्रवासी कामदारहरूको अधिकारको रक्षा गर्न नेपालले नौ गन्तव्य देशहरूसँग द्विपक्षीय सम्झौता र समझदारी पत्रमा हस्ताक्षर गरेको छ। सरकारले वैदेशिक रोजगारीमा जाने कामदारलाई निष्पक्ष भर्नाको (fair recruitment) प्रवर्द्धन गर्ने नीति ल्याएको छ। फर्किएका आप्रवासी कामदारहरूलाई स्वरोजगार हुन प्रोत्साहन दिइएको छ ।

३८. ज्येष्ठ नागरिक, एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न, सीमान्तकृत र लोपोन्मुख जातीय समूहका व्यक्तिलाई मासिक सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको छ । योगदानमा आधारित सामाजिक सुरक्षा योजनाले औपचारिक र अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकलाई समेटेको छ ।

३९. नेपालले सन् २०३० सम्ममा गरिबीलाई ५ प्रतिशतमा झार्ने र सन् २०४३ सम्ममा गरिबीलाई पूर्णरूपमा उन्मूलन गर्ने लक्ष्य राखेको छ। शून्य भोकमरीको दिगो विकास लक्ष्य हासिल गर्न प्रतिबद्ध रहेको छ र खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न कार्यक्रमहरू कार्यान्वयन भइरहेका छन् ।

४०. स्वच्छ वातावरण, सुरक्षित पिउने पानी र सरसफाइको अधिकारको रक्षा गर्न कानुन बनाइएको छ । २०७६ साल भदौमा नेपालले आफूलाई 'खुला दिसामुक्त' राष्ट्र घोषणा गरेको थियो ।

४१. स्वास्थ्यको हकको सन्दर्भमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने हक छ । सरकारले गरिब, अनाथ, बृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य बीमाको लागि भुक्तानी गरेको छ । ५ सय ६३ स्थानीय तहमा बीमा विस्तार गरिएको छ । सबै स्थानीय तहमा आधारभूत अस्पताल निर्माणको शिलान्यास भइसकेको छ ।

४२. जारी कोभिड-१९ महामारीले जीविकोपार्जन, अर्थतन्त्र, जनस्वास्थ्य र सामाजिक सुरक्षा प्रणालीमा गम्भीर असर पारेको छ। सरकारले आइसोलेसन, क्वारेन्टाइन र उपचारजस्ता उपायहरू अपनाएको छ । सरकारले विश्व स्वास्थ्य सङ्गठनको निर्देशन पालना गर्ने प्रोटोकलहरू अपनाएको छ। आवश्यकता भएका मानिसहरूलाई कोभिड परीक्षण र उपचार निःशुल्क उपलब्ध गराइएको छ र सबै तहका स्वास्थ्य प्रणालीहरूलाई थप स्रोतसाधन उपलब्ध गराइएको छ । नेपालले मृत्युदर कम र निको हुने दर उच्च राख्न सफल भएको छ ।

४३. महामारीको जोखिमको निरन्तरतालाई ध्यानमा राख्दै, नेपाल क्षमतासँग सम्बन्धित अवरोधहरूसँग सङ्घर्ष गरिरहेको छ । खोपको विकासले आशा जगाएको छ । तर खोपको उपलब्धता र खरिद क्षमता महत्वपूर्ण छ र यसका लागि थप अन्तर्राष्ट्रिय सहयोग आवश्यक छ । नेपालले Covid-19 Vaccine Global Access Facility (COVAX) लाई स्वागत गरेको छ र खोपको उपलब्धता सुनिश्चित गरेकोमा छिमेकीहरूको प्रशंसा गरेको छ । सरकारले खोप निःशुल्क उपलब्ध गराउने निर्णय गरेको छ ।

४४. शिक्षाको सन्दर्भमा, प्रत्येक समुदायलाई आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने अधिकार छ । प्रत्येक बालबालिकाको, शैक्षिक सामग्रीलगायत, निःशुल्क र अनिवाई आधारभूत शिक्षा प्राप्त गर्ने अधिकारलाई कानुनद्वारा संरक्षित गरिएको छ । नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक छ ।

४५. विद्यालयमा विश्वव्यापी भर्ना र लैङ्गिक समानता लगभग हासिल भएको छ । कार्यक्रमले भर्ना र विद्यालय छाड्ने बालिकाको सङ्ख्या घटाएको छ । सीमान्तकृत समुदायका बालबालिकालाई मासिक छात्रवृत्ति र खाना उपलब्ध गराइएको छ । कोभिड-१९ महामारीको समयमा रेडियो र अनलाइन कक्षाहरू मार्फत दूरशिक्षालाई सहजीकरण गरिएको थियो । मानव अधिकार शिक्षालाई पाठ्यक्रममा समावेश गरिएको छ ।

४६. महिला हिंसाका सन्दर्भमा दण्डसंहिताले बलात्कारका घटनामा उजुरी दर्ता गर्ने हदम्याद ३५ दिनबाट बढाएर एक वर्ष बनाएको छ । बलात्कारको अधिकतम सजाय १६ बाट बढाएर २० वर्ष कैद गरिएको छ । अपराध पीडित संरक्षण ऐनले पीडितलाई क्षतिपूर्ति र अतिरिक्त सुरक्षा प्रदान गरेको छ । सरकारले रसायन (एसिड) आक्रमणमा सजाय बढाएको छ ।

४७. मानव बेचबिखनका सम्बन्धमा, संस्थागत र प्रशासनिक उपायहरू सुदृढ भएका छन् । अघिल्लो पाँच वर्षमा कूल ९ सय ७१ बेचबिखनका घटनामा संलग्न र १ हजार ३ सय जना पक्राउ परेका थिए । नेपाल प्रहरीमा मानव बेचबिखनविरुद्ध काम गर्ने ब्यूरो स्थापना भएको छ । पीडितहरूले क्षतिपूर्ति, पुनर्वास, आर्थिक सहयोग र मनोसामाजिक परामर्श प्राप्त गर्न सक्छन् । मानव बेचबिखनविरुद्धको राष्ट्रिय कार्ययोजना २०७७/०७८ देखि २०८१/०८२ कार्यान्वयनमा रहेको छ । नेपालले विगत केही वर्षमा १० हजारभन्दा बढी पीडितको उद्धार गरेको छ । पीडितका लागि ३६ सुरक्षित घर र पुर्नस्थापना केन्द्रहरू छन् । छुट्टै कोषको पनि स्थापना भएको छ ।

४८. लैङ्गिक समानताको सन्दर्भमा, प्रतिनिधिमण्डलले नेपालको राज्य प्रमुख एक महिला भएको स्मरण गरायो । सरकारले महिला र शान्ति सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घसङ्घीय सुरक्षा परिषद्को प्रस्तावना नम्बर १३२५ (सन् २०००) र १८२० (सन् २००८) लाई राष्ट्रिय कार्ययोजनामार्फत कार्यान्वयन गरिरहेको छ । सरकारले लैङ्गिक उत्तरदायी बजेट प्रणाली लागु गरेको छ । महिलाको राजनीतिक प्रतिनिधित्वमा प्रगति भएको छ भने श्रमशक्तिमा महिलाको सहभागिता ८३ प्रतिशत पुगेको छ ।

४९. महिलाहरूले पारिवारिक मामिलामा र सम्पत्तिमा समान अधिकार उपभोग गरेका छन् । उनीहरूको यौन तथा प्रजनन स्वास्थ्य अधिकार कानुनले सुरक्षित गरेको छ । बहुविवाह, बालविवाह, जबरजस्ती विवाह, कार्यस्थलमा हुने यौन दुर्व्यवहार र यौन तथा घरेलु हिंसा कानुनद्वारा दण्डनीय छन् । व्यापक जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ । अपराध संहिताले दाइजो र छाउपडीजस्ता प्रचलनलाई निषेध गरेको छ । मातृ तथा शिशु तथा नवजात शिशु मृत्युदर घटाउन प्रगति हासिल भएको छ । कोभिड-१९ ले महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिमा परेको प्रभावलाई सम्बोधन गर्ने एक कार्य सञ्चालन समितिले गरिरहेको छ ।

५०. बालबालिकाको हकमा, संविधानले प्रत्येक बालबालिकालाई जन्म दर्ता, शिक्षा, स्वास्थ्य र व्यक्तित्व विकासको हक सुनिश्चित गरेको छ । बालबालिका सम्बन्धी ऐन २०७५ ले यौन दुर्व्यवहारविरुद्ध सुरक्षा प्रदान गरेको छ । सरकारले १८ वटा बाल हेल्पलाइन सेवा सञ्चालन गरेको छ । बालमैत्री अभियोजनलाई सहज बनाउन अदालतमा बाल बेञ्चहरू स्थापना गरिएका छन् । विगत तीन वर्षमा सडकमा बस्ने झण्डै ८ हजार बालबालिकाको उद्धार गरी पुनःस्थापना गरिएको छ । सन् २०१६ को बालविवाह अन्त्य गर्ने राष्ट्रिय रणनीतिले सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्ने लक्ष्य राखेको छ ।

५१. नेपालले सन् २०२५ सम्ममा सबै प्रकारका बालश्रमको अन्त्य गर्ने लक्ष्य राखेका छ र विश्वव्यापी साझेदारी गठबन्धन ८.७ को हिस्सा बनेको थियो । बाल श्रम उन्मूलनसम्बन्धी राष्ट्रिय गुरुयोजना २०७७/०७८ देखि २०८१/०८२ कार्यान्वयन गर्न अन्तर-एजेन्सी कार्य समूह स्थापना गरिएको छ । सन् २०२२ सम्ममा चरम बालश्रम र सन् २०२५ सम्ममा सबै प्रकारका बालश्रम उन्मूलन गर्ने उद्देश्य रहेको छ ।

५२. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन २०७४ ले अपाङ्गता भएका व्यक्तिहरूले आफैंले आफैंलाई गर्ने सशक्तिकरणको महत्त्वलाई मान्यता

दिएको छ । नयाँ भवन संहिताले सार्वजनिक भवनहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको पहुँचयोग्य बनाउन आवश्यक बनाएको छ र समावेशी शिक्षा नीति अपनाएको छ । अघिल्लो शैक्षिक वर्षमा झण्डै ५० हजार विद्यार्थी शैक्षिक कार्यक्रमहरूमा भर्ना भएका छन् ।

५३. नेपालले अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) आदिवासी जनजाति महासन्धि, १९८९ (नं १६९) लाई अनुमोदन गरेको छ र लोपोन्मुख आदिवासी जनजाति समुदायहरूलाई राज्यले प्रदान गर्ने सुविधाहरूमा पहुँच गर्ने अधिकार रहेको छ ।

५४. संविधानले अल्पसङ्ख्यक र सीमान्तकृत समूहहरूलाई मौलिक हक र निष्पक्ष प्रतिनिधित्वको उपभोग गर्न सक्षम बनाउन विशेष कार्यक्रमहरू प्रत्याभूत गरेको छ ।

५५. नेपालले मानवीयताको आधारमा दशकौँदेखि तिब्बती र भुटानी शरणार्थीहरूलाई आश्रय दिएको छ । सुपुर्दगी ऐनले शरणार्थीहरूलाई सम्भावित उत्पीडनको खतरा भएको देशमा जबरजस्ती फिर्ता नपठाउन (principle of non-refoulement) सिद्धान्तलाई मान्यता दिएको छ ।

५६. संविधानले कुनै पनि नागरिकलाई नागरिकताको हकबाट वञ्चित गर्न नपाइने व्यवस्था गरेको छ र यसै सिद्धान्तका आधारमा सङ्घसङ्घीय कानुन बनाइने छ ।

ख. समीक्षाअन्तर्गत राज्यको अन्तरक्रियात्मक संवाद र प्रतिक्रियाहरू

५७. अन्तरक्रियात्मक संवादको क्रममा ९८ प्रतिनिधिमण्डलले प्रस्तुति गरे । वार्ताका क्रममा गरिएका सिफारिसहरू प्रस्तुत प्रतिवेदनको खण्ड २ मा उपलब्ध छ ।

५८. उरुग्वेले नेपाललाई आफ्नो पाँचौं राष्ट्रिय मानव अधिकार कार्ययोजना २०७७/०७८ देखि २०८१/०८२ अवलम्बन गरेकोमा बधाई दिएको छ ।

५९. उज्वेकिस्तानले न्याय, सुरक्षा र कानुनको शासन सुनिश्चित गर्न गरिएका प्रयासहरूको स्वागत गरेको छ ।

६०. भेनेजुएलाको बोलिभेरियन गणतन्त्रले खाद्य, शिक्षा र स्वास्थ्यमा भएको प्रगतिलाई मान्यता दियो ।

६१. भियतनामले मानव अधिकारको प्रवर्द्धनमा नेपालले गरेको कानुनी र संस्थागत प्रगतिको प्रशंसा गऱ्यो ।

६२. अफगानिस्तानले भोकमरी र कुपोषण उन्मूलन गर्ने दिशामा भएको प्रगतिलाई स्वागत गऱ्यो ।

६३. अर्जेन्टिनाले मानव अधिकार परिषद्को संयन्त्रसँगको संलग्नतामा नेपाललाई प्रशंसा गऱ्यो ।

६४. आर्मेनियाले मानव बेचबिखन र महिला विरुद्ध भेदभाव विरुद्ध लड्न नेपालले सकारात्मक कदम चालेको उल्लेख गऱ्यो ।

६५. अष्ट्रेलियाले मानव अधिकारको संरक्षणका लागि नेपालको संविधानको प्रतिबद्धताको प्रशंसा गरेको छ ।

६६. अजरबैजानले अघिल्लो विश्वव्यापी आवधिक समीक्षा चक्रबाट सिफारिसहरू कार्यान्वयनमा भएको प्रगतिलाई स्वागत गऱ्यो ।

६७. बहामासले जलवायु परिवर्तन, विशेष गरी विपद् जोखिम र व्यवस्थापन ऐन कार्यान्वयन गर्ने सम्बन्धी प्रयासहरूलाई स्वागत गऱ्यो ।

६८. बहराइनले महिला अधिकारको प्रवर्द्धन र आप्रवासी कामदारहरूको अधिकारको संरक्षण गरेकोमा नेपालको प्रशंसा गऱ्यो ।

६९. बंगलादेशले आफ्नो राष्ट्रिय विकास नीतिहरूमा मानव अधिकारलाई मूलप्रवाहमा ल्याउन नेपालको प्रयासको प्रशंसा गरेको छ ।

७०. बेलारुसले राष्ट्रिय मानव अधिकार कार्ययोजनाहरू अपनाउने अभ्यासलाई सकारात्मक रूपमा लिएको छ ।

७१. बेल्जियमले सङ्क्रमणकालीन न्याय संयन्त्रमार्फत द्वन्द्वकालमा मानव अधिकार उल्लङ्घनलाई सम्बोधन गर्ने नेपालको प्रतिबद्धतालाई स्वागत गऱ्यो ।

७२. भुटानले रोजगारीको अधिकार ऐन २०७५ र योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको लागि नेपालको प्रशंसा गरेको छ ।

७३. बोत्सवानाले राष्ट्रिय मानव अधिकार आयोग ऐनलाई संशोधन गर्ने प्रस्तावित विधेयकलाई चासो सहित जानकारीमा लिएको छ ।

७४. ब्राजिलले सङ्क्रमणकालीन न्याय, खाद्य सुरक्षा र स्वास्थ्यमा पहुँचमा नेपालले गरेको प्रगतिको प्रशंसा गरेको छ ।

७५. बुल्गेरियाले दोस्रो विश्वव्यापी आवधिक समीक्षाबाट आएका लगभग सबै स्वीकृत सिफारिसहरू कार्यान्वयन गर्न गरिएका प्रयासहरूको प्रशंसा गरेको छ ।

७६. बुर्किना फासोले महिलाको अवस्था सुधारको लागि राष्ट्रपतिको कार्यक्रमको प्रशंसा गरेको छ ।

७७. कम्बोडियाले छुट्टै र विशिष्ट मानव बेचबिखनविरुद्ध ब्यूरो स्थापना गरेकोमा स्वागत गरेको छ ।

७८. क्यानडाले हानिकारक अभ्यासहरूलाई प्रतिबन्ध लगाउने र यातना र बलपूर्वक बेपत्ता पारिने कार्यलाई छुट्टै अपराध बनाउने दिशामा भएको प्रगतिलाई स्वागत गरेको छ ।

७९. चिलेले नेपालको प्रजातान्त्रिक प्रक्रियाले समलिङ्गी, उभयलिङ्गी, ट्रान्सजेन्डर र अन्तरलिङ्गी (lesbian, gay, bisexual, transgender, intersex) व्यक्तिहरूको अधिकारलाई ध्यानमा राखेको कुराको प्रशंसा गरेको छ ।

८०. चीनले गरिबी न्यूनीकरण, लैङ्गिक समानता प्रवर्द्धन र बालअधिकारको संरक्षणमा नेपालले हासिल गरेको उपलब्धिको प्रशंसा गरेको छ ।

८१. क्रोएसियाले बालबालिकासँग सम्बन्धित ऐन २०७५ र श्रम ऐन २०७४ लाई स्वागत गरेको छ ।

८२. क्युबाले मानव बेचबिखन रोक्न र सोकाविरुद्ध लड्न र पीडितहरूको संरक्षणमा नेपालले गरेको प्रगतिलाई मान्यता दिएको छ ।

८३. साइप्रसले सङ्घीय संसद र प्रदेशीय सभाहरूमा महिला प्रतिनिधित्व बढाउनको लागि चालिएका विधायिकी उपायहरूको स्वागत गरेको छ ।

८४. चेकियाले राष्ट्रिय बाल श्रम उन्मूलन गुरु योजनालाई अपनाएकोमा प्रशंसा गरेको छ ।

८५. प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरियाले (उत्तर कोरिया) पन्ध्रौं पञ्चवर्षीय योजना कार्यान्वयन गरेकोमा नेपालको प्रशंसा गरेको छ ।

८६. डेनमार्कले जातीय भेदभाव र महिलाविरुद्ध हुने हिंसालाई सम्बोधन गर्न नेपालले चालेको कदमको प्रशंसा गरेको छ ।

८७. इजिप्टले आर्थिक विकासको लागि पञ्चवर्षीय योजना र राष्ट्रिय मानव अधिकार कार्ययोजनाको लागि नेपालको प्रशंसा गरेको छ ।

८८. एल साल्भाडोरले देशको भ्रमणमा आउने विशेष समाधीक्षकहरूलाई (Special Rapporteurs) स्वागत गर्ने नेपालको ग्रहणशीलता उपर विशेष प्रकाश पारेको छ ।

८९. इस्टोनियाले नेपाललाई जोखिममा भएका समूहहरूको मानव अधिकारमा थप ध्यान दिन प्रोत्साहित गरेको छ ।

९०. इथियोपियाले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन २०७४ अपनाएकोमा प्रशंसा गरेको छ ।

९१. फिजीले नेपालको गरिबी न्यूनीकरण पहल र जलवायु परिवर्तनको असरलाई सम्बोधन गर्न बजेट विनियोजन गरेकोमा प्रशंसा गरेको छ ।

९२. फिनल्याण्डले विश्वव्यापी आवधिक समीक्षा प्रक्रियामा नेपालको संलग्नतालाई स्वागत गरेको छ ।

९३. फ्रान्स नेपालमा मानव अधिकार र मौलिक स्वतन्त्रताको अवस्थाप्रति चिन्तित रह्यो ।

९४. जर्जियाले स्वतन्त्र राष्ट्रिय मानव अधिकार आयोग र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार संयन्त्रहरूसँग नेपालको संलग्नतालाई स्वागत गरेको छ ।

९५. जर्मनीले भुटानी शरणार्थीहरूको अवस्था सुधार गरेकोमा नेपालको प्रशंसा गरेको छ तर जोखिममा रहेका समूहहरूप्रति चिन्तित रह्यो ।

९६. ग्रीसले विद्यालय भर्ना गर्ने प्रयासहरू र बालविवाह अन्त्य गर्ने राष्ट्रिय रणनीतिको स्वागत गरेको छ ।

९७. गुयानाले राष्ट्रिय मानव अधिकार कार्ययोजनाहरू मार्फत अघिल्लो विश्वव्यापी आवधिक समीक्षा सिफारिसहरूको कार्यान्वयनलाई जानकारीमा लिएको छ ।

९८. हाइटीले आत्महत्यालाई सम्बोधन गर्नका लागि गरिएका उपायहरूको स्वागत गरेको छ जुन अघिल्लो विश्वव्यापी आवधिक समीक्षामा हाइटीले सिफारिस गरेको थियो ।

९९. होली सीले नेपाललाई जोखिममा रहेका जनताको अधिकारको रक्षा गर्न र धर्म र आस्थाको स्वतन्त्रताको रक्षा गर्न प्रोत्साहित गरेको छ ।

१००. होन्डुरसले अघिल्लो आवधिक समीक्षा चक्रबाट प्राप्त सिफारिसहरू कार्यान्वयन गर्नमा भएको प्रगतिको लागि नेपाललाई बधाई दिएको छ ।

१०१. आइसल्याण्डले संयुक्त राष्ट्रका LGBTI भित्री (core) समूहमा सामेल हुने नेपालको निर्णयको स्वागत गरेको छ ।

१०२. भारतले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूमा भएको प्रगति र मानव, विशेषगरी महिला र बालबालिकाको बेचबिखन रोक्न, दमन र दण्डित गर्ने अन्तरराष्ट्रिय सन्धिपत्रमा (Trafficking Protocol) सम्मिलन (accession) को स्वागत गरेको छ ।

१०३. इन्डोनेसियाले पाँचौं राष्ट्रिय मानव अधिकार कार्ययोजना २०७७/०७८ देखि ०८१/०८२ अपनाएकोमा नेपालको प्रशंसा गरेको छ ।

१०४. इस्लामिक गणतन्त्र इरानले अघिल्लो विश्वव्यापी आवधिक समीक्षा पछि भएका महत्वपूर्ण मानव अधिकार उपलब्धिहरूलाई मान्यता दिएको छ ।

१०५. इराकले पाँचौं राष्ट्रिय मानव अधिकार कार्ययोजना २०७७/०७८ देखि ०८१/०८२ अपनाएकोमा प्रशंसा गरेको छ ।

१०६. आयरल्याण्ड नेपालको गृहयुद्धको समयमा भएका मानव अधिकार उल्लङ्घनहरूका लागि जवाफदेहिताको कमीको बारेमा चिन्तित रह्यो ।

१०७. इटालीले राष्ट्रिय बाल श्रम उन्मूलन गुरुयोजना र बालविवाह अन्त्य गर्ने राष्ट्रिय रणनीतिलाई स्वागत गरेको छ ।

१०८. जापानले हानिकारक अभ्यासहरू उन्मूलन गर्ने प्रयासहरूको प्रशंसा गरेको छ । तर जोखिममा रहेका समूहहरूले सामना गर्ने चुनौतीहरूलाई जानकारीमा लिएको छ ।

१०९. जोर्डनले नेपालको मानव अधिकार प्रयासहरू र अघिल्लो विश्वव्यापी आवधिक समीक्षाका सिफारिसहरूको कार्यान्वयनको प्रशंसा गरेको छ ।

११०. कजाकिस्तानले आप्रवासी कामदारहरूलाई संरक्षण गर्ने, यातना र बलपूर्वक बेपत्ता पार्ने कार्यलाई गैरकानुनकानुनी बनाउने नीति अपनाएकोमा नेपालको प्रशंसा गरेको छ ।

१११. कुवेतले नेपालले आर्थिक विकास र सामाजिक न्याय प्रवर्द्धन गर्न गरेको प्रयासको स्वागत गरेको छ ।

११२. लाओ जनवादी लोकतान्त्रिक गणतन्त्रले नेपाललाई आफ्नो राष्ट्रिय मानव अधिकार कार्ययोजना २०७७/०७८ देखि ०८१/०८२ कार्यान्वयन गरेकोमा बधाई दिएको छ ।

११३. लाटभियाले नेपालको प्रतिनिधिमण्डललाई स्वागतसहित आफ्नो राष्ट्रिय प्रतिवेदन प्रस्तुत गरेकोमा धन्यवाद दियो ।

११४. लेबनानले महिला र बालिकाविरुद्ध हुने हिंसा अन्त्य गर्न नेपालले गरेको प्रयासको स्वागत गरेको छ ।

११५. लिक्तेन्स्ताइनले प्रस्तूति र राष्ट्रिय प्रतिवेदनद्वारा उपलब्ध गराइएको जानकारीको लागि नेपाली प्रतिनिधिमण्डललाई धन्यवाद दियो ।

११६. मलेसियाले पाँचौं राष्ट्रिय मानव अधिकार कार्ययोजना २०७७/०७८ देखि ०८१/०८२ को प्रभावकारी कार्यान्वयनको अपेक्षा गरेको जनायो ।

११७. माल्दिभ्सले राष्ट्रिय विकास योजनामा दिगो विकास लक्ष्यहरू समावेश गरेकोमा प्रशंसा गरेको छ ।

११८. माल्टाले मानव बेचबिखन, विशेषगरी महिला र बालबालिका बेचबिखनलाई रोकथाम, दमन र दण्डित गर्ने अन्तर्राष्ट्रिय सन्धिपत्रको सम्मिलनको स्वागत गरेको छ ।

११९. मार्शल टापुहरूले बाल श्रम विरुद्धको राष्ट्रिय गुरुयोजनालाई स्वागत गरेका छन् ।

१२०. मौरिससले नेपालले स्वास्थ्य बिमा कार्यक्रम विस्तार गरेकोमा प्रशंसा गरेको छ ।

१२१. मेक्सिकोले राष्ट्रिय मानव अधिकार कार्ययोजना २०७७/०७८ देखि ०८१/०८२ लाई नेपालले अपनाएकोबारे जानकारी भएको व्यक्त गरेको छ ।

१२२. मङ्गोलियाले मानव अधिकारसम्बन्धी न्यायाधीश र सुरक्षाकर्मीहरूका लागि तयार गरिएका विशेष प्रशिक्षण पाठ्यक्रमहरूलाई स्वागत गरेको छ ।

१२३. मोन्टेनेग्रोले नेपाललाई सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति लागु गर्न प्रोत्साहन दियो ।

१२४. म्यानमारले नेपाललाई सङ्घीय संसद र प्रदेश सभामा ३३ प्रतिशत स्थानमा महिला प्रतिनिधित्व भएकोमा बधाई दिएको छ ।

१२५. नामिबियाले सन् २०४३ सम्म गरिबी उन्मूलन गर्ने लक्ष्यका साथ नेपालले चालेको कदमको प्रशंसा गरेको छ ।

१२६. नेदरल्याण्ड्सले महिलाविरुद्ध हुने हिंसाविरुद्ध लड्न नेपालले गरेको प्रयासको प्रशंसा गरेको छ ।

१२७. निकारागुआले प्रतिवेदन प्रस्तुत गरेकोमा नेपाली प्रतिनिधिमण्डललाई धन्यवाद दियो र त्यसमा प्रतिबिम्बित प्रगतिलाई मान्यता दियो ।

१२८. नाइजेरियाले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू, विशेषगरी गरिबी न्यूनीकरण उपायहरू सुनिश्चित गर्नका लागि गरिएका प्रयासहरूलाई सकारात्मक रूपमा जानकारीमा लियो ।

१२९. नर्वेले नेपाललाई सन् २०२१-२०२३ को लागि मानव अधिकार परिषद्को निर्वाचनमा निर्वाचित भएकोमा बधाई दिएको छ ।

१३०. पाकिस्तानले गरिबी उन्मूलन नीति २०७६ र खाद्य र खाद्य सम्प्रभुत्ताको अधिकारको लागि नेपालको प्रशंसा गरेको छ ।

१३१. पानामाले घरेलु हिंसालाई अपराधीकरण गर्ने र बालबालिकासम्बन्धी कानुन अपनाउने प्रयासहरूको प्रशंसा गरेको छ ।

१३२. पाराग्वेले प्रतिवेदन प्रस्तुत गरेकोमा नेपाली प्रतिनिधिमण्डललाई धन्यवाद दियो ।

१३३. फिलिपिन्सले मानव बेचबिखन विरुद्ध लड्न र सार्वजनिक अधिकारीहरूका लागि मानव अधिकार शिक्षा प्रदान गर्ने प्रयासको लागि नेपालको प्रशंसा गरेको छ ।

१३४. पोर्चुगलले महिलाविरुद्ध हुने हिंसा, विशेष गरी हानिकारक प्रथाहरूको अपराधीकरणलाई सम्बोधन गर्नमा भएको विधायिकी प्रगतिको स्वागत गरेको छ ।

१३५. कतारले कोभिड-१९ महामारीसँग लड्न र राष्ट्रिय योजनाहरूमा दिगो विकास लक्ष्यहरू समावेश गर्न गरिएका उपायहरूको प्रशंसा गरेको छ ।

१३६. कोरिया गणतन्त्रले (दक्षिण कोरिया) महिला र बालिकाहरूविरुद्ध गरिने हानिकारक अभ्यासहरू हटाउने प्रयासको लागि नेपालको प्रशंसा गरेको छ ।

१३७. रुसी सङ्घले (रसिया) ले संयुक्त राष्ट्रसङ्घीय विशेष कार्यादेश वाहकहरूसँग (Special Procedures) देश भ्रमण लगायतमा सहयोग गरेकोमा नेपालको प्रशंसा गरेको छ ।

१३८. साउदी अरेबियाले अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रसँग सहकार्य गरेकोमा नेपालको प्रशंसा गरेको छ ।

१३९. सेनेगलले सामाजिक र आर्थिक विकास र गरिबी न्यूनीकरणमा भएको प्रगतिलाई स्वागत गरेको छ ।

१४०. सर्बियाले मानव अधिकार परिषद्को सन्धिजनित निकायहरू र विशेष कार्यादेशबाहकहरूसंग सहकार्य गरेकोमा नेपालको प्रशंसा गरेको छ ।

१४१. सिङ्गापुरले स्वास्थ्य अधिकारको प्रवर्द्धन र लैङ्गिक समानता प्रवर्द्धन गर्न नेपालले गरेको प्रयासको प्रशंसा गरेको छ ।

१४२. स्लोभेनियाले बाल बेचबिखन, बाल श्रम र बाल विवाहका घटनाहरूबारे चिन्ता व्यक्त गरेको छ ।

१४३. स्पेनले मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि नेपालले गरेको प्रयासमा नेपाललाई बधाई दियो ।

१४४. श्रीलङ्काले निजामती सेवामा सुनिश्चित गरिएको महिला सहभागिताको स्तरको प्रशंसा गरेको छ ।

१४५. प्यालेस्टाइन राज्यले मानव अधिकार परिषद् संयन्त्र र विशेष कार्यादेश वाहकहरूलाई गरेको रचनात्मक सहयोगको प्रशंसा गरेको छ ।

१४६. सुडानले सङ्क्रमणकालीन न्यायको सन्दर्भमा मानव अधिकार उल्लङ्घनका घटनाहरूको छानबिन गर्न स्वतन्त्र आयोग गठन गरेकोमा नेपालको प्रशंसा गरेको छ ।

१४७. स्विट्जरल्याण्डले वास्तविक सङ्क्रमणकालीन न्यायसम्बन्धी रणनीति लागु गर्न ढिलाइबारे चिन्ता व्यक्त गरेको थियो ।

१४८. थाइल्याण्डले पाँचौं राष्ट्रिय मानव अधिकार कार्ययोजना २०७७/०७८ देखि ०८१/०८२ र सार्वजनिक स्वास्थ्य सेवा ऐनको स्वागत गरेको छ ।

१४९. टिमोर-लेस्टेले नेपालको संविधानमा मातृभाषामा शिक्षाको अधिकार समावेश गरेकोमा प्रशंसा गरेको छ ।

१५०. टर्कीले श्रमिकहरूको अवस्था सबल बनाउने बारे रोजगारीको अधिकार ऐन अपनाएकोमा सकारात्मक रूपमा जानकारीमा लिएको छ ।

१५१. तुर्कमेनिस्तानले विगतका वर्षहरूमा उच्च आर्थिक वृद्धि दर हासिल गर्न गरिएका प्रयासहरूको स्वागत गरेको छ ।

१५२. युक्रेनले आवासको अधिकार ऐनजस्ता विधायिकी पहलहरू अपनाएकोमा स्वागत गरेको छ ।

१५३. बेलायतले महिलाहरूको राजनीतिक प्रतिनिधित्वमा भएको प्रगतिलाई स्वागत गरे पनि द्वन्द्वकालीन मानव अधिकार उल्लङ्घन र दुर्व्यवहारका लागि जवाफदेहिता न्यून भएको भन्दै चिन्ता व्यक्त गरेको छ ।

१५४. संयुक्त राज्य अमेरिकाले शरणार्थीहरूलाई स्वीकार गरेकोमा नेपालको प्रशंसा गरेको छ ।

१५५. ओमानले कानुनको शासन लागु गर्नका लागि गरिएका व्यापक प्रयासहरूलाई जानकारीमा लियो ।

१५६. संयुक्त राज्य अमेरिकाको प्रतिनिधिमण्डलले गरेको सिफारिसको विरुद्धमा चीनले आपत्ति (Point of order) उठायो । नेपालको विश्वव्यापी आवधिक समीक्षा भएकाले नेपालको मानव अधिकारका उपलब्धिमा केन्द्रित हुनुपर्ने चीनले धारणा राखेको थियो । विश्वव्यापी आवधिक समीक्षाको मञ्चमा संयुक्त राज्यको प्रतिनिधिमण्डलले अप्रासङ्गिक कुरा उल्लेख गरेको भन्दै चीनले कडा विरोध गरेको छ । चीनले आगामी दिनहरूमा यस्ता अवस्थाहरू आउन नदिन र विश्वव्यापी आवधिक समीक्षाका नियमहरूलाई सम्मान गरिने आशा गरेको बताएको छ ।

१५७. मानव अधिकार परिषद्का उपाध्यक्षले चीनको भनाइ कार्यसमूहको बैठकको आधिकारिक अभिलेखमा प्रतिबिम्बित हुने उल्लेख गरे ।

१५८ अन्तमा, नेपालको प्रतिनिधिमण्डलले सदस्य राष्ट्रहरूलाई उनीहरूको टिप्पणीका लागि धन्यवाद दियो । नेपाल मानव अधिकारको दायित्व पूरा गर्न दृढतापूर्वक प्रतिबद्ध रहेको बतायो । सबै सदस्य राज्य सुझावहरूलाई ध्यानमा राख्दै तेस्रो विश्वव्यापी आवधिक समीक्षा चक्रबाट आएका सिफारिसहरू कार्यान्वयन गर्न कार्ययोजना तर्जुमा गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।

स्वीकार गरिएको सुझावहरू

१५९.१ बाँकी रहेका अन्तर्राष्ट्रिय कानुनी उपकरणहरूको पक्ष राष्ट्र हुनका लागि आवश्यक कानुनी र संस्थागत आधार र क्षमता स्थापना गर्न थप कदम चाल्नुहोस् (जर्जिया),

१५९.५ अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रहरूमा रचनात्मक रूपमा भाग लिने कार्य जारी राख्नुहोस् (निकारागुआ),

१५९.९ संयुक्त राष्ट्र सङ्घीय सन्धिजनित निकायहरूको चुनावका लागि राष्ट्रिय उम्मेदवारहरू चयन गर्दा खुला, योग्यतामा आधारित प्रक्रिया अपनाउनुहोस् (ग्रेट ब्रिटेन र उत्तरी आयरल्याण्ड),

१५९.२१ सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोगहरूको स्वतन्त्रता सुनिश्चित गर्नुहोस्, उनीहरूलाई आफ्नो कार्यादेश पूरा गर्न स्रोतहरू उपलब्ध गराउनुहोस् (उरुग्वे),

१५९.२२ राष्ट्रिय मानव अधिकार कार्ययोजनाको विकास र कार्यान्वयन गर्न जारी राख्नुहोस् (चीन),

१५९.२३ राष्ट्रिय मानव अधिकार आयोग ऐनलाई राष्ट्रिय मानव अधिकार आयोगको उन्नत दर्जासँग मिलाउन आवश्यक उपायहरू जारी राख्नुहोस् (जर्जिया),

१५९.२४ महिला आयोगको आयुक्तको नियुक्ति छिटो गर्नुहोस् र राष्ट्रिय महिला आयोगलाई उजुरी संयन्त्र सम्पन्न बनाई बाध्यकारी निर्णयहरू जारी गर्ने अधिकार प्रदान गर्नुहोस् (गुयाना)

१५९.२५ नेपालको राष्ट्रिय मानव अधिकार आयोगको वित्तीय स्वायत्तता र यसका सिफारिसहरूको कार्यान्वयन लगायत पेरिस सिद्धान्त अनुसार आयोगको प्रभावकारी कार्यप्रणाली सुनिश्चित गर्न आवश्यक कदम चाल्नुहोस् (अष्ट्रेलिया), राष्ट्रिय मानव अधिकार आयोग लगायत मानव अधिकार सम्बन्धित संस्थाहरूलाई थप सुदृढ बनाउनुहोस् (भारत), राष्ट्रिय मानव अधिकार आयोगलाई पेरिस सिद्धान्तहरू अनुसार पूर्ण रूपमा सशक्त बनाउनुहोस् (कजाकिस्तान), पेरिस सिद्धान्तहरू अनुसार राष्ट्रिय मानव अधिकार आयोगलाई पूर्ण स्वायत्तता र अधिकारक्षेत्र प्रत्याभूत गर्नुहोस् र यसले जारी गरेका सिफारिसहरू तुरुन्तै लागू गर्ने सुनिश्चित गर्नुहोस् (मेक्सिको), राष्ट्रिय मानव अधिकार आयोगलाई अझ बलियो बनाउनुहोस् र महिला अधिकारको संरक्षणका लागि उपायहरू जारी राख्नुहोस् (पाकिस्तान), राष्ट्रिय मानव अधिकार आयोगको प्रभावकारी

कार्यप्रणाली सुनिश्चित गर्न वित्तीय स्वायत्तताको प्रत्याभूति गर्नुहोस् ताकि यसले आफ्नो उद्देश्य पूरा गर्न सकोस् (पाराग्वे), राष्ट्रिय मानव अधिकार आयोगले पेरिस सिद्धान्तहरू बमोजिम आफ्ना कार्यहरू पूर्ण रूपमा निर्वाह गर्न सक्ने सुनिश्चित गर्नुहोस् (पोर्चुगल), उपयुक्त कानुनको अवलम्बन मार्फत राष्ट्रिय मानव अधिकार आयोगलाई थप सुदृढ बनाउनुहोस् (श्रीलंका), पेरिस सिद्धान्तहरूको परिपालनामा राष्ट्रिय मानव अधिकार आयोगको स्वतन्त्रता सुनिश्चित गर्नुहोस् (प्यालेस्टाइन राज्य), पेरिस सिद्धान्तहरू अनुरूप राष्ट्रिय मानव अधिकार आयोगको प्रभावकारी सञ्चालन सुनिश्चित गर्न प्रयास जारी राख्नुहोस् (उज्बेकिस्तान),

१५९.२६ पाँचौं राष्ट्रिय मानव अधिकार कार्ययोजनाको कार्यान्वयनको दिशामा पाइलाहरू जारी राख्नुहोस् (श्रीलंका)

१५९.२७ महिला अधिकार आयोगमा एक आयुक्त नियुक्ति छिटो गर्नुहोस् (टिमोर(लेस्टे),

१५९.२८ मानव अधिकारको प्रवर्द्धन र संरक्षणको लागि राष्ट्रिय संयन्त्रहरू सुधार गर्न निरन्तर प्रयासहरू जारी राख्नुहोस् (तुर्कमेनिस्तान),

१५९.२९ नीति र कानुनको विस्तार, कार्यान्वयन र परिमार्जनमा अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डहरूको कडाईका साथ पालना गर्नुहोस् (युक्रेन),

१५९.३० मानव अधिकारको क्षेत्रमा संरचनात्मक र संस्थागत मापदण्डहरू बढाउने लक्ष्यहरू प्राप्ति जारी राख्न समाजका सबै क्षेत्रहरू बीच एकीकरण र सहयोग बढाउनुहोस् (ओमान),

१५९.३२ नश्लीय वा जातीयतामा वा जातीय श्रेणीबद्धतामा (caste based hierarchies) आधारित भेदभाव उन्मूलन गर्न जनचेतनाका अभियानहरू सञ्चालन गर्नुहोस् र शैक्षिक पाठ्यक्रमले श्रेणीबद्धताहरूलाई प्रचार नगर्ने सुनिश्चित गर्नुहोस् (बहामास),

१५९.३३ जातीय भेदभाव र हिंसाका प्रभावकारी रूपमा छानबिन गर्नुहोस् र मुद्दा चलाउनुहोस् (क्रोएशिया),

१५९.३४ सान्दर्भिक मानव अधिकार उपकरणहरू प्रयोग गरी जातीय व्यवस्थामा आधारित सबै प्रथाहरूको उन्मूलनको लागि राष्ट्रिय कानुनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुहोस् (एल साल्भाडोर),

१५९.३५ जातीय भेदभाव र छुवाछुत (कसुर र सजाय) ऐन लाई कार्यान्वयन गर्न प्रभावकारी संयन्त्रको विकास गर्नुहोस् (जर्मनी),

१५९.३८ समावेशीताका आधारमा समाजका सबै वर्गहरूको विकास गर्नुहोस् (भारत),

१५९.३९ जातीय भेदभाव र पृथकीकरण (segregation) विरुद्ध लड्न प्रयास जारी राख्नुहोस् (इटाली),

१५९.४० घृणा र जातीय भेदभावका अपराधहरू विरुद्ध लड्न शैक्षिक र जागरूकता बढाउने कार्यक्रमहरू आयोजन गर्नुहोस् (जोर्डन),

१५९.४१ जात र लिङ्गका आधारमा भेदभावविरुद्ध लड्ने प्रयास जारी राख्नुहोस् (लेबनान),

१५९.४२ सबै प्रकारका भेदभाव, विशेषगरी नश्लीय र जातीय भेदभाव, विरुद्धको लडाइँमा अगाडि बढ्न आवश्यक उपायहरू अपनाउनुहोस् (अर्जेन्टिना),

१५९.४३ स्कूल र विश्वविद्यालयको पाठ्यक्रममा जातीय भेदभावको मुद्दा समावेश गर्नेबारे विचार गर्नुहोस् (माल्टा),

१५९.४४ जातीय भेदभाव र छुवाछुत (कसुर र सजाय) ऐन को पूर्ण र प्रभावकारी कार्यान्वयनमार्फत जातीय भेदभाव रोक्न र उन्मूलन गर्ने प्रयासलाई निरन्तरता दिनुहोस् (दक्षिण कोरिया),

१५९.४५ कानुन र व्यवहारमा, जोखिममा रहेका समूहहरू, विशेषगरी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, वृद्ध व्यक्तिहरू र जातीय अल्पसङ्ख्यकहरूको अधिकारको संरक्षण जारी राख्नुहोस् (रूसी सङ्घ),

१५९.४७ जातीय श्रेणीबद्धता र वर्गीकरणलाई उन्मूलन गर्न जनचेतना अभियान सञ्चालन गर्नुहोस् (प्यालेस्टाइन राज्य),

१५९.४८ जातीय श्रेणीबद्धता र वर्गीकरणलाई उन्मूलन गर्न जनचेतनाका अभियानहरू सञ्चालन गर्नुहोस् (सुडान),

१५९.४९ जलवायु परिवर्तन र प्राकृतिक प्रकोपहरूविरुद्ध लड्न थप उपायहरू अपनाउनुहोस् (बंगलादेश),

१५९.५० जलवायु परिवर्तन र प्रकोप जोखिम न्यूनीकरण ढाँचाको विकास र कार्यान्वयनमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू र आदिवासी र स्थानीय समुदायहरूको अर्थपूर्ण संलग्नता सुनिश्चित गर्नुहोस् (फिजी),

१५९.५१ जनताको मानव अधिकारको उपभोगका लागि दिगो विकास लक्ष्यहरू कार्यान्वयन गर्न प्रयासहरूलाई बलियो बनाउने कार्य जारी राख्नुहोस् (भियतनाम),

१५९.५२ अपाङ्गता भएका व्यक्तिहरू र वृद्धवृद्धाहरू लगायत महिला र जोखिममा रहेका समूहहरूको विचारहरू समावेश गरी विपद् रोकथाम र न्यूनीकरण नीति र रणनीतिहरू निर्माण गर्न समावेशी दृष्टिकोण लागु गर्नुहोस् (इन्डोनेसिया),

१५९.५३ राष्ट्रिय विकास लक्ष्यहरू प्राप्त गर्न र सन् २०३० दिगो विकास लक्ष्यहरू पूरा गर्ने क्षमता निर्माण गरी कोभिड-१९ महामारीबाट सिर्जित आर्थिक प्रभावलाई उल्टाउन अन्तर्राष्ट्रिय साझेदारहरूसँगको सहकार्यलाई बलियो बनाउनुहोस् (इन्डोनेसिया),

१५९.५४ जोखिममा रहेका समूहहरूको जलवायु उत्थानशीलता (resilience) प्रवर्द्धन र अनुकूलन योजनाहरूको विकास र कार्यान्वयनमा संलग्नता सुनिश्चित गर्नुहोस् (माल्दिभ्स),

१५९.५५ कारागारको पूर्वाधार र स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको जीवन अवस्था सुधार गर्न जारी राख्नुहोस् (क्युबा),

१५९.५६ गैरकानुनी हत्याका सबै मुद्दाहरूको तुरून्त, निष्पक्ष, स्वतन्त्र र प्रभावकारी अनुसन्धान सुनिश्चित गर्नुहोस् (ग्रीस),

१५९.५८ सबै अवस्थाहरूमा बालबालिकालाई यातना र दुर्व्यवहारको अन्त्य गर्न यसको प्रयासहरूलाई बलियो बनाउनुहोस् (मोन्टेनेग्रो),

१५९.५९ यातनाका कार्यहरूलाई दण्डित गर्ने र गैरन्यायिक हत्याको छानबिन गर्ने कानुन बनाएर दण्डहीनता विरुद्ध अझ प्रभावकारी रूपमा लड्नुहोस् (फ्रान्स),

१५९.६० राष्ट्रिय फौजदारी संहिता र फौजदारी कार्यविधि संहिताको कार्यान्वयनमा सुरक्षा निकायहरूलाई आवश्यक प्रशिक्षण प्रदान गर्न जारी राख्नुहोस् (माल्दिभ्स),

१५९.६१ न्यायमा पहुँच, गरिबी न्यूनीकरण र जोखिमपूर्ण परिस्थितिहरूमा रहेका व्यक्तिहरूको अधिकारको संरक्षण सुनिश्चित गर्न प्रयासहरू जारी राख्नुहोस् (नाइजेरिया),

१५९.६२ विशेषगरी आममाफी, साक्षी संरक्षण र उजुरीहरूका सम्बन्धमा ढिलाइको सन्दर्भमा बलपूर्वक बेपत्ता छानबिन, सत्य निरुपण र मेलमिलाप आयोग ऐनलाई अन्तर्राष्ट्रिय मापदण्डहरूअनुरूप ल्याउनुहोस् (बेल्जियम),

१५९.६३ सत्य, न्याय र मेलमिलापमा अर्थपूर्ण उपलब्धिहरू आर्जन गर्नका लागि सर्वोच्च अदालतको २०७१ फागुन १४ को परमादेशअनुरूप बलपूर्वक

बेपत्ता छानबिन, सत्य निरूपण र मेलमिलाप आयोग ऐनमा परिवर्तनहरू गर्नुहोस् (क्यानडा),

१५९.६४ सर्वोच्च अदालतको आदेश र अन्तर्राष्ट्रिय मापदण्डहरूको पालना गर्दै बलपूर्वक बेपत्ता छानबिन, सत्य निरुपण र मेलमिलाप आयोग ऐन ल्याउनुहोस् र विशेषगरी, सङ्क्रमणकालीन न्याय प्रक्रिया र सबै सम्बन्धित सरकारी योजनाहरूमा यौन हिंसाका पीडित र तिनीहरूका परिवारहरूलाई समावेश गर्नुहोस् (जर्मनी),

१५९.६५ सङ्क्रमणकालीन न्याय प्रक्रियाले लैङ्गिक संवेदनशील दृष्टिकोण अपनाई, अन्तर्राष्ट्रिय मापदण्डहरूलाई समर्थन गरी, छानबिन आयोगहरूद्वारा मुद्दाहरूको सुनुवाइमा पारदर्शिता र समयमै निष्कर्षमा ल्याई सबै पीडितहरूको सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गर्नुहोस् (आयरल्याण्ड),

१५९.६६ द्वन्द्वका क्रममा भएका मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनका मुद्दाहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्न र पीडितहरूलाई न्याय प्रदान गर्न उपयुक्त उपायहरू अपनाउनुहोस् (इटाली),

१५९.६७ आयोगको प्रभावकारी कार्यसम्पादन सुनिश्चित गर्न बेपत्ता छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन संशोधन गर्ने विधेयक पारित गर्नुहोस् (नर्वे),

१५९.६८ सत्य निरूपण तथा मेलमिलाप आयोगको स्वतन्त्रताको प्रत्याभूति गर्न र मानव अधिकार उल्लङ्घनका दोषीहरूलाई न्यायको घेरामा ल्याइने सुनिश्चित गर्न आवश्यक कदम चाल्नुहोस् (दक्षिण कोरिया),

१५९.६९ नेपालको सर्वोच्च अदालतको निर्णयहरूरू र अन्तर्राष्ट्रिय कानुनको परिपालना गर्दै विश्वसनीय र पीडितकेन्द्रित सङ्क्रमणकालीन न्याय प्रक्रिया अगाडि बढाउनुहोस् (अष्ट्रेलिया),

१५९.७० द्वन्द्वको समयमा भएका मानव अधिकार उल्लङ्घनसम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्न जारी राख्नुहोस् (प्यालेस्टाइन राज्य),

१५९.७१ पारदर्शी र समावेशी परामर्श, तथ्य खोजी, न्याय, परिपूरणको सुनिश्चितता र पुनरावृत्ति नहुने प्रत्याभूतिका साथसाथै संस्थागत सुधारको संयोजन गरी समग्र (holistic) सङ्क्रमणकालीन न्याय रणनीति अपनाउनुहोस् (स्विजरल्याण्ड),

१५९.७२ द्वन्द्वकालीन उल्लङ्घन र दुर्व्यवहारका पीडितहरूको सङ्क्रमणकालीन न्याय प्रक्रियामा अर्थपूर्ण संलग्नता सुनिश्चित गर्न पीडित समूहहरूको मागलाई सम्बोधन गर्दै, बलपूर्वक बेपत्ता छानबिन, सत्य निरूपण र मेलमिलाप आयोग ऐनलाई संशोधन गर्नुहोस् (ग्रेट ब्रिटेन र उत्तरी आयरल्याण्ड),

१५९.७३ विचार र अभिव्यक्तिको स्वतन्त्रताको पूर्ण सम्मानको प्रत्यभूति गर्न सञ्चार र सूचना प्रविधिसम्बन्धी स्थानीय कानुनलाई परिमार्जन गर्नेबारे विचार गर्नुहोस् (ब्राजिल),

१५९.७४ साइबर सुरक्षासम्बन्धी कानुनले सूचनामा पहुँच र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार प्रत्यभूति गर्ने सुनिश्चित गर्नुहोस् (चिले),

१५९.७५ अभिव्यक्ति स्वतन्त्रताको सुरक्षा र नागरिक समाजको सहभागितालाई बढावा दिने; मानव अधिकारको क्षेत्रमा सक्रिय गैरसरकारी संस्थाहरू (NGOs) - विदेशी अनुदान प्राप्त गर्नेसहित सञ्चालन गर्ने स्वतन्त्रता सुनिश्चित गर्नुहोस् (चेकिया),

१५९.७७ कानुन र व्यवहारमा अनलाइन र अफलाइन अभिव्यक्ति स्वतन्त्रताको अधिकार सुनिश्चित गर्नुहोस् र पत्रकार र मानव अधिकार रक्षकहरूका लागि सुरक्षित र सबल वातावरणको प्रत्याभूति गर्नुहोस् (एस्टोनिया),

१५९.७८ प्रदर्शनकारी, मानव अधिकार रक्षक र पत्रकारहरूविरुद्ध अत्यधिक बल प्रयोगको अन्त्य गरेर उनीहरूका अधिकारका उल्लङ्घनकर्ता दोषीहरूलाई सजाय दिई अभिव्यक्ति, सूचना र शान्तिपूर्ण भेलाको स्वतन्त्रताको प्रत्याभूति गर्नुहोस् (फ्रान्स),

१५९.७९ कुनै पनि व्यक्तिलाई अभिव्यक्तिको स्वतन्त्रता, सङ्गठित वा भेला हुने स्वतन्त्रताको शान्तिपूर्वक प्रयोग गरेको कारण पक्राउ नगरिने र सबै गिरफ्तारीहरू कानुनबमोजिम र अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डहरू अनुसारमात्र गरिने सुनिश्चित गर्नुहोस् (ग्रीस),

१५९.८० विशेषगरी विधायिकी स्तरमा, अन्तर्राष्ट्रिय मानव अधिकार कानुनबमोजिम धार्मिक अल्पसङ्ख्यकहरूको अधिकारको रक्षा गर्न र धार्मिक स्वतन्त्रतालाई कानुन र व्यवहारमा प्रत्याभूत गर्न सबै आवश्यक उपायहरू अपनाउनुहोस् (हाइटी),

१५९.८१ अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डहरूअनुरूप स्वतन्त्र सञ्चार मिडियालाई सम्मान र समर्थन गरी अभिव्यक्तिको स्वतन्त्रता र शान्तिपूर्ण भेलाको अधिकारको संरक्षण र समर्थन गर्नुहोस् (आइसल्याण्ड),

१५९.८२ नेपालीको अभिव्यक्तिको स्वतन्त्रता र शान्तिपूर्ण भेलाको अधिकारको प्रवर्द्धन र संरक्षण गर्नुहोस् (लाट्भिया),

१५९.८३ उत्पीडन, त्रास, धम्की र प्रतिशोधविरुद्ध नागरिक समाज र मानव अधिकार रक्षकहरू, विशेषगरी महिला मानव अधिकार रक्षकहरूका, लागि सुरक्षित, सम्मानजनक र सबल वातावरण निर्माण गर्ने र NGO हरू दर्ता गर्ने प्रकृयागत प्रावधान लचिलो र सजिलो बनाउनुहोस् (लाट्भिया),

१५९.८५ कानुन व्यवसायीहरू र मानव अधिकार रक्षकहरूकाविरुद्ध हुने सबै प्रकारका आक्रमणहरूको अनुसन्धान र अभियोजनसहित सुरक्षाका लागि उपायहरू पहिचान गरी लागू गर्नुहोस् (नेदरल्याण्ड),

१५९.८८ अभिव्यक्तिको स्वतन्त्रताको अधिकार र सार्वजनिक बहसमा संलग्न हुँदा सबै व्यक्तिहरूलाई त्रास, धम्की र हिंसाबाट सुरक्षित गरिएको सुनिश्चित गर्नुहोस् (अष्ट्रेलिया),

१५९.९० रणनीति वा कार्ययोजनाहरू अवलम्बन गर्ने सम्भावनालाई विचार गरेर दासत्व र मानव बेचबिखनविरुद्ध लड्ने प्रयासहरू बढाउनुहोस्, साथै दासत्व र बेचबिखनका पीडितहरूको, विशेषगरी महिला र बालबालिकाहरू पहिचान गर्ने र पीडितहरूको व्यापक संरक्षण र पुनर्वासका थप उपायहरू सुनिश्चित गर्नुहोस् (बेलारुस),

१५९.९१ मानव बेचबिखन र दासत्वको लागि जिम्मेवार व्यक्तिहरूलाई न्यायको दायरामा ल्याइने सुनिश्चित गर्नुहोस् (बुर्किना फासो),

१५९.९२ मानव बेचबिखन र सबै प्रकारका दासत्व र बेचबिखन रोक्नका लागि प्रयासहरू तीव्र पार्नुहोस् (साइप्रस),

१५९.९३ मानव बेचबिखन, दासत्व, यौन शोषण र जबरजस्ती श्रम रोक्ने प्रयासहरूलाई सुदृढ गर्ने कार्य जारी राख्नुहोस्, र बेचबिखन पीडितहरूको प्रारम्भिक पहिचानलाई सम्बोधन गर्न र बेचबिखन पीडितहरूको पुनर्स्थापना केन्द्रहरूमा पर्याप्त स्रोतहरू उपलब्ध गराउन स्तरीय परिचालन कार्यप्रणालीको (Standard Operating Procedures) प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुहोस् (फिजी),

१५९.९४ मानव बेचबिखन र बाल श्रमलगायतका सबै प्रकारका शोषणलाई रोक्नका लागि र साथै पीडितहरूको प्रारम्भिक पहिचानमा सहयोग गर्दै, पीडकहरूलाई न्यायको घेरामा ल्याइने प्रयासलाई तीव्र बनाउनुहोस् (होली सी),

१५९.९५ मानव बेचबिखन, दासत्व र यौन शोषणलाई रोक्ने प्रयास जारी राख्नुहोस् (इराक),

१५९.९६ मानव बेचबिखन, दासत्व, यौन शोषण, जबरजस्ती श्रम र बाल श्रम लगायत रोक्ने प्रयासहरू बढाउनुहोस् (मलेसिया),

१५९.९७ मानव बेचबिखन, दासत्व, यौन शोषण र जबरजस्ती श्रम निवारण गर्न तीव्र कदमहरू चाल्नुहोस् (मोन्टेनेग्रो),

१५९.९८ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन परिमार्जन गरी मानव बेचबिखनको परिभाषालाई अन्तर्राष्ट्रिय कानुन अनुरूप बनाउन र मानव बेचबिखनका सबै पक्षहरू समावेश गर्न पहल गर्नुहोस् (आर्मेनिया),

१५९.९९ मानव बेचबिखनविरुद्ध लड्न र पीडितहरूको अधिकार र सँगसँगै आप्रवासीहरूको अधिकारको रक्षा गर्न प्रयासहरू बढाउनुहोस् (नाइजेरिया),

१५९.१०० बालबालिकाहरूमा विशेष जोड दिँदै मानव बेचबिखन र बन्धक श्रम अभ्यासहरू अन्त्य गर्न थप कदमहरू चाल्नुहोस् (नर्वे),

१५९.१०१ मानव बेचबिखनविरुद्धको कानुन, विशेषगरी मानव बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना, कार्यान्वयन गर्ने प्रयास जारी राख्नुहोस् (साउदी अरेबिया),

१५९.१०२ मानव बेचबिखन, दासत्व, यौन शोषण र जबरजस्ती श्रमविरुद्ध लड्न थप प्रयासहरूमा लगानी गर्नुहोस्। साथै यी अपराधहरूका दोषीहरूविरुद्ध प्रतिबन्ध नीति (sanctions policy) प्रभावकारी रूपमा सञ्चालन गर्नुहोस् (सर्बिया),

१५९.१०३ वैदेशिक रोजगार ऐन र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनलाई मानव बेचबिखन, विशेषगरी महिला र बालबालिका बेचबिखन रोक्न, दबाउन र दण्डित गर्ने अन्तर्राष्ट्रिय सन्धिपत्रसँग अनुरूप बनाउनुहोस् (ग्रेट ब्रिटेन र उत्तरी आयरल्याण्ड)

१५९.१०४ सूचना प्रविधि, मिडिया र आमसञ्चारको नियमन गर्ने मस्यौदा कानुनमा अभिव्यक्तिको स्वतन्त्रता र गोपनीयताको अधिकारको सम्मानलाई समावेश गर्नुहोस् (क्यानडा),

१५९.१०५ रोजगारीको अधिकार ऐन र योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको कार्यान्वयनलाई थप सुदृढ गर्न र विशेषगरी जोखिममा रहेका समूहका लागि विशिष्ट कार्यक्रम कार्यान्वयन गर्न कदम चाल्नुहोस् (भुटान),

१५९.१०८ सबै मानिसहरूका पर्याप्त जीवन स्तर प्राप्तिका लागि गरिबी घटाउने प्रयासहरू थप तीव्र पार्नुहोस् (उत्तर कोरिया),

१५९.१०९ गरीब परिवारहरूलाई उत्पादनशील स्रोतहरू, क्षमता अभिवृद्धि, आय र दिगो विकास पहुँच गर्ने अवसरहरू प्रदान गर्न गरिबी न्यूनीकरणमा आफ्नो प्रयास जारी राख्नुहोस् (लाओ, जनवादी प्रजातान्त्रिक गणतन्त्र)

१५९.११० विशेषगरी ग्रामीण र पहुँच गर्न कठिन क्षेत्रहरूमा सुरक्षित पिउने पानी र सरसफाइमा पहुँच प्रवर्द्धन गर्न जारी राख्नुहोस् (बंगलादेश),

१५९.१११ गरिबी न्यूनीकरणका प्रमुख क्षेत्रहरूमा कार्यक्रम र लगानीलाई थप विस्तार गर्न अन्तर्राष्ट्रिय समुदायको समर्थनमा सहयोग र प्रयासहरूलाई तीव्र पार्नुहोस् (कम्बोडिया),

१५९.११२ पानीको सुविधामा पहुँच भएका मानिसहरूको संख्या राष्ट्रव्यापी बढाउन थप कदमहरू चाल्नेसम्बन्धी विचार गर्नुहोस् (कम्बोडिया),

१५९.११३ दिगो आर्थिक र सामाजिक विकासलाई प्रवर्द्धन गर्न गरिबी न्यूनीकरणका गर्न जारी राख्नुहोस् (चीन),

१५९.११४ विशेषगरी सबैभन्दा विपन्न जनसंख्या माझ खाद्य अधिकारको प्रत्याभूति गर्ने र खाद्य असुरक्षालाई सम्बोधन गर्ने उद्देश्यले सरकारी कार्यक्रमहरू कायम र विस्तार गर्नुहोस् (क्युबा),

१५९.११५ खाद्य, स्वास्थ्य र शिक्षाको क्षेत्रमा आफ्ना जनताको फाइदाको लागि सफल सामाजिक नीतिहरूलाई सुदृढ गर्न जारी राख्नुहोस् (भेनेजुएला),

१५९.११६ गरिबी न्यूनीकरणमा प्राप्त उपलब्धिहरू थप गर्नुहोस् र प्रति व्यक्ति आय वृद्धिका लागि प्रयासहरू बढाउनुहोस् (इथियोपिया),

१५९.११७ जीवनस्तरमा सुधार गर्न उपायहरू जारी राख्नुहोस् (कुवेत),

१५९.११८ कृषि क्षेत्रको विकास गर्न विशेष संयुक्त राष्ट्रसङ्घीय निकायहरूसँग सहकार्य गर्नुहोस् (कुवेत),

१५९.११९ चरम गरीबीविरुद्ध लड्ने प्रयास जारी राख्नुहोस् (लेबनान),

१५९.१२० समावेशी र दिगो विकासमार्फत सन् २०२४ सम्ममा गरिबी १८ बाट १३ प्रतिशतमा घटाउने लक्ष्य हासिल गर्न गरिबी न्यूनीकरणका उपायहरू जारी राख्नुहोस् (म्यानमार),

१५९.१२१ खाद्य, पर्याप्त आवास, पिउने पानी, शिक्षा र रोजगार जस्ता नागरिकहरूका आधारभूत आवश्यकताहरूसँग सम्बन्धित अधिकारहरूको उचित नीतिगत व्यवस्थापन गर्नुहोस् (निकारागुआ),

१५९.१२२ सामाजिक आर्थिक विकासका लागि थप कदम चाल्नुहोस् (पाकिस्तान),

१५९.१२३ दिगो विकास लक्ष्यहरू १ र १० मा केन्द्रित भई गरिबी कम गर्न मानव अधिकारमा आधारित (Rights-based Approach) राष्ट्रिय कार्ययोजना लागु गर्नुहोस् (पाराग्वे),

१५९.१२४ गरिबीलाई सम्बोधन गर्ने प्रयासहरू समावेशीता, लैङ्गिक-उत्तरदायिता र मानव अधिकारमा आधारित छन् भन्ने सुनिश्चित गर्नुहोस् (फिलिपिन्स),

१५९.१२५ भोकमरी, पोषण र खाद्य सुरक्षासम्बन्धी सूचकहरूमा उल्लेखनीय प्रगति हासिल गर्न प्रयास जारी राख्नुहोस् (कतार),

१५९.१२६ आफ्ना नागरिकहरूको सामाजिक-आर्थिक अधिकारहरू सुनिश्चित गर्न प्रयासहरू तीव्र बनाउनुहोस् (रूस),

१५९.१२७ पहिले नै लागु भइसकेका कानुन र नीतिहरूको कार्यान्वयनमार्फत आफ्ना जनताको जीवनस्तर सुधार्ने प्रयास जारी राख्नुहोस् (श्रीलंका),

१५९.१२८ भोकमरी र कुपोषणलाई सम्बोधन गर्न थप समन्वित तरिका (coordinated response) अपनाउनेबारे विचार गर्नुहोस् (प्यालेस्टाइन राज्य),

१५९.१२९ गरिबी र भोकमरीविरुद्ध लड्नका साथै सुरक्षित पिउने पानी र सरसफाइमा पहुँच सुनिश्चित गर्न प्रयासहरू बढाउनुहोस् (सुडान),

१५९.१३० गरिबी उन्मूलन, पर्याप्त आवासको सुनिश्चितता र जनसंख्यालाई पानी र सरसफाइ उपलब्ध गराउने प्रयासहरू जारी राख्नुहोस्, (अजरबैजान),

१५९.१३१ खाद्य, आवास, गरिबी न्यूनीकरण, रोजगारी सृजना, स्वास्थ्य सेवा, शिक्षा, सामाजिक सुरक्षा र जनता केन्द्रित पूर्वाधारको विकासमा लगानी बढाउन अन्तर्राष्ट्रिय समुदायसँग प्रभावकारी सहकार्यलाई थप सुदृढ गर्नुहोस् (तुर्कमेनिस्तान),

१५९.१३२ आपत्काल र महामारीको समयमा स्वास्थ्यको अधिकारको संरक्षण सुनिश्चित गर्न स्वास्थ्य योजना र कार्यक्रमहरू कार्यान्वयन गर्न आफ्नो प्रतिबद्धता कायम राख्नुहोस् (बहराइन),

१५९.१३३ समाजमा जोखिममा रहेका समूहहरूको विशेष आवश्यकताहरूलाई ध्यानमा राख्दै, कोविड्-१९ महामारीको प्रभावहरूको सामना गर्न मानव अधिकारमा आधारित सामाजिक आर्थिक सुधारमा प्रगति गर्नुहोस् (चिले),

१५९.१३४ बालबालिकाहरूको बालश्रममा संलग्न हुने जोखिमलाई कम गर्नको लागि कोभिड-१९ महामारीको नीति प्रतिक्रियाहरूमा जोखिममा रहेका

बालबालिका र तिनका परिवारहरूलाई समावेश गर्ने सुनिश्चित गर्नुहोस् (क्रोएशिया),

१५९.१३५ गर्भपतनलाई गैरआपराधिकरण (decriminalize) गर्नुहोस् र महिला र बालबालिकाहरूको अधिकार र यौन र प्रजनन स्वास्थ्यको सुरक्षा गर्नुहोस् (फ्रान्स),

१५९.१३६ आत्महत्या रोकथामको लागि राष्ट्रिय रणनीति र कार्ययोजनाको विकास र कार्यान्वयन गर्ने, विशेष गरी भरपर्दो तथ्याङ्क सङ्कलन स्थापना गरी, आत्महत्यासँग सम्बन्धित सामाजिक कलंक र पुरुष र महिला आत्महत्याका मूल कारणहरूलाई सिफारिसबमोजिम सम्बोधन गर्नुहोस् (हाइटी),

१५९.१३७ जनसङ्ख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको पच्चीसौं वार्षिकोत्सवमा नैरोबी शिखर सम्मेलनमा गरिएका प्रतिबद्धतालाई कार्यान्वयन गर्नुहोस् ताकि सीमान्तकृत समूहहरूले गुणस्तरीय परिवार नियोजन सेवाहरूमा विश्वव्यापी पहुँच, युवाहरूको विकासशील क्षमताहरू र आवश्यकताहरूसँग सुसंगत उन्नत किशोर-मैत्री स्वास्थ्य सेवाहरूमा विश्वव्यापी पहुँचको र आफ्ना प्रजनन अधिकार प्रयोग गर्न सक्षम बनाउने व्यापक यौन शिक्षाको पूर्ण एकीकरण सुनिश्चित गर्नुहोस् (आइसल्याण्ड),

१५९.१३८ स्वास्थ्य र शिक्षाको अधिकारलाई अगाडि बढाउन प्रयास गर्नुहोस् (भारत),

१५९.१३९ स्वास्थ्य सेवा समुदायभित्र कुष्ठरोग प्रशिक्षण सुनिश्चित गर्नुहोस् र कुष्ठरोगबाट प्रभावित व्यक्तिहरू र तिनीहरूका परिवारका सदस्यहरू विरुद्ध भेदभाव उन्मूलनका लागि सिद्धान्त र दिशानिर्देशहरू लागू गर्नुहोस् (जापान),

१५९.१४० विशेषगरी कोभिड-१९ महामारीको सन्दर्भमा सामना गरिरहेका चरम जोखिमको वर्तमान अवस्थामा, ज्येष्ठ नागरिकको मानव अधिकार र मर्यादाको प्रर्वद्धन र संरक्षणलाई सुदृढ गर्न सबै आवश्यक प्रयासहरू बढाउनुहोस् (अर्जेन्टिना),

१५९.१४१ दिगो विकास लक्ष्य नं ३ अनुरूप नवजात शिशु मृत्युदर घटाउन कदम चाल्नुहोस् (मरिसस),

१५९.१४२ नवजात शिशु मृत्युदर कम गर्न जारी प्रयासहरू बढाउनुहोस् (म्यानमार),

१५९.१४३ स्वास्थ्य सेवाहरूमा पहुँच सहज बनाउन प्रयास जारी राख्नुहोस् (साउदी अरब),

१५९.१४४ कोभिड-१९ महामारीलाई ध्यानमा राख्दै, महामारीको समयमा आधारभूत स्वास्थ्य-सेवा सेवाहरूमा पहुँचमा अवरोध कम गर्दै विश्वव्यापी स्वास्थ्य कभरेजतर्फ प्रयासहरू विस्तार गर्न जारी राख्नुहोस् (सिङ्गापुर),

१५९.१४५ कारागार र अन्य थुनुवा राखेका स्थानहरूमा कोभिड-१९ को पूर्वतयारी, रोकथाम र नियन्त्रणमा विश्व स्वास्थ्य संगठनको दिशानिर्देशहरूको कार्यान्वयनलाई बलियो बनाउनुहोस् (थाइल्याण्ड),

१५९.१४६ स्वास्थ्य सेवाको एकीकृत सञ्जाल सुदृढ गर्न सरकारी प्रयास जारी राख्नुहोस् (ओमान),

१५९.१४७ सबैका लागि निःशुल्क र गुणस्तरीय शिक्षा, र सार्वजनिक स्वास्थ्यमा पहुँच सुनिश्चित गर्न अनुकूल परिस्थितिहरू सिर्जना गर्न आफ्नो प्रयास जारी राख्नुहोस् (उत्तर कोरिया),

१५९.१४८ प्राथमिक र माध्यमिक शिक्षा दुवैमा लैङ्गिक समता सुनिश्चित गर्न थप प्रयासहरू बढाउनुहोस् (बंगलादेश),

१५९.१४९ माध्यमिक तहमा विद्यालय भर्ना मापन गर्ने उपायहरू बढाउनुहोस् (इथियोपिया),

१५९.१५० शिक्षाका सबै तहमा दलित समुदाय, न्यून प्रतिनिधित्व भएका जाति र आदिवासी जनजाति, अपाङ्गता भएका बालबालिका लगायत सबै बालबालिकाको पूर्ण समावेशीकरण र सिकाइ नतिजा सुधार गर्न र यी समूहहरूको शिक्षण पदहरूमा, विशेषगरी महिलाहरूको, प्रतिनिधित्व सुनिश्चित गर्न सबै आवश्यक उपायहरू लिनुहोस् (फिनल्याण्ड),

१५९.१५१ शिक्षाको मौलिक अधिकारको रक्षा र प्रवर्द्धन गर्नुहोस्, सबैलाई भेदभाव बिना निःशुल्क गुणस्तर शिक्षा सुनिश्चित गर्नुहोस् (होली सी),

१५९.१५२ भेदभावबिना सबै नागरिकहरूलाई निःशुल्क गुणस्तरीय शिक्षा प्रदान गर्नुहोस् (मरिसस),

१५९.१५३ अपाङ्गता भएका बालबालिकासहित, कसैलाई पनि पछि नछाड्ने गरी, पूर्ण समावेशी शिक्षा प्रणाली सुनिश्चित गर्न आफ्ना प्रयास जारी राख्नुहोस् (नर्वे),

१५९.१५४ अनिवार्य र निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ जस्ता पहलहरूको दायरा विस्तार गर्नुहोस् र समान आधारमा थप छात्रवृत्तिहरू प्रदान गर्नुहोस् (टर्की),

१५९.१५५ सबै बालबालिकाको लागि अनिवार्य र निःशुल्क शिक्षामा पहुँच सुनिश्चित गर्नुहोस् (फ्रान्स),

१५९.१५६ शिक्षा, चेतना अभिवृद्धि, सीप विकास र रोजगारीका लागि तालिममार्फत महिला सशक्तिकरणलाई थप वृद्धि गर्नुहोस् (लाओ),

१५९.१५९ हानिकारक परम्परागत अभ्यासहरू उन्मूलन गर्नका लागि कानुनलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने र नीतिगत उपायहरूलाई बलियो बनाउनुहोस् (बहामास),

१५९.१६० महिला सशक्तिकरण प्रवर्द्धन गर्ने प्रयास जारी राख्नुहोस् (बहराइन),

१५९.१६१ छाउपडी र विवाह दाइजोको आपराधिकीकरणको प्रभावकारी कार्यान्वयन सबै सरोकारवालाहरूबीच सचेतना जगाएर, प्रतिबन्ध लगाएर र दोषीलाई कारबाही गरेर सुनिश्चित गर्नुहोस् (बेल्जियम),

१५९.१६२ वि.सं. २०५२ देखि २०६२ सम्मका विचाराधीन रहेका लैङ्गिक हिंसाका आरोपहरूमा द्रुत अनुसन्धान गर्ने र निष्कर्षमा पुग्ने सुनिश्चित गर्नुहोस् (बोत्स्वाना),

१५९.१६३ कानुनमा र व्यवहारमा, महिला र बालिकाहरूविरुद्ध हुने यौन हिंसा, न्यायमा पहुँच, राष्ट्रियता प्राप्त गर्ने र मानव बेचबिखनसम्बन्धी नीतिहरू लगायतमा हुने विभेदको अन्त्य गर्नुहोस् (ब्राजिल),

१५९.१६४ राष्ट्रपति कार्यक्रमको रूपरेखाभित्र सबै प्रकारका लैङ्गिक हिंसा उन्मूलन गर्ने प्रयासहरू बढाउनुहोस् (उज्बेकिस्तान),

१५९.१६५ विशेषगरी नेपालको नयाँ संविधानमा महिला विरुद्ध हुने सबै प्रकारका असमानता र संरचनात्मक हिंसा अन्त्य गर्न ठोस कदमहरू लिनुहोस् (चिले),

१५९.१६६ संविधान र नागरिकता ऐन संशोधन विधेयक २०७५ का प्रावधानहरू परिमार्जन गरी छोराछोरी र पति/पत्नीलाई नागरिकता प्रदान गर्ने सन्दर्भमा पुरुष र महिलाबीच पूर्ण समानता सुनिश्चित गर्नुहोस् (क्यानडा),

१५९.१६७ लैङ्गिक समानता प्रवर्द्धन गर्न र महिला अधिकारको संरक्षण गर्न जारी राख्नुहोस् (चीन),

१५९.१६८ लैङ्गिक सशक्तिकरणसम्बन्धी राष्ट्रिय कार्ययोजनालाई तीव्रता दिनुहोस् र लैङ्गिक हिंसाविरुद्ध लड्ने कदमहरू त्यसमा समावेश गर्नुहोस् (साइप्रस),

१५९.१६९ लैङ्गिक भेदभावमा प्रतिबन्ध लगाउने बृहत् कानुन अपनाउने; लैङ्गिक हिंसा, महिला तथा बालिका बेचबिखन र यौन शोषण अन्त्य गर्न प्रभावकारी कदम चाल्ने; पीडितहरूको लागि पर्याप्त संख्यामा सुरक्षित आश्रय र अन्य आवश्यक सेवाहरू प्रदान गर्नुहोस् (चेकिया),

१५९.१७१ महिलाविरुद्धको भेदभाव र सबै प्रकारका यौन हिंसाविरुद्ध लड्न र बालविवाह र बालश्रम उन्मूलन गर्ने प्रयास जारी राख्नुहोस् (इजिप्ट),

१५९.१७२ विशेषगरी अल्पसङ्ख्यक समुदायका महिला र बालिकाको संरक्षण र न्यायसम्बन्धी नीतिहरू अवलम्बन गर्नुहोस् (इस्टोनिया),

१५९.१७३ महिला तथा बालिकाविरुद्ध हुने सबै प्रकारका हिंसाको छानबिन गरी दोषीलाई न्यायको कठघरामा ल्याउने र पीडितले क्षतिपूर्ति पाउने सुनिश्चित गर्नका साथै छाउपडी, बालविवाह, दाइजो, छोराको प्राथमिकता, बहुविवाह र बोक्सीको आरोप जस्ता कुरीती जस्ता महिला तथा बालिकासम्बन्धी हानिकारक प्रचलनहरूबारे सचेतनामूलक कार्यक्रमहरूलाई सुदृढ गर्नुहोस् (फिनल्याण्ड),

१५९.१७४ नागरिकता प्राप्त गर्ने, हस्तान्तरण गर्ने र नागरिकता कायम राख्ने अधिकार सबै महिला र उनीहरूका बालबालिकालाई समान रूपमा विस्तार गरिएको सुनिश्चित गर्नुहोस् (फिनल्याण्ड),

१५९.१७६ जन्मिएका समयमा नागरिकता कागजात प्राप्त हुने व्यवस्था गर्नुहोस् र लैङ्गिक भेदभावजन्य प्रावधानहरू खारेज गर्न नागरिकता ऐन संशोधन गर्नुहोस् (जर्मनी),

१५९.१७७ महिला र बालिकाविरुद्ध भेदभावका सबै प्रकारहरू उन्मूलन गर्न र महिला, बालबालिका र अन्य जोखिममा भएका समूहका व्यक्तिहरूको अधिकारलाई थप प्रवर्द्धन गर्ने प्रयास जारी राख्नुहोस् (भियतनाम),

१५९.१७८ लैङ्गिक समानतालाई थप प्रवर्द्धन गर्ने कदमहरू लिनुहोस् (भारत),

१५९.१७९ महिला र बालिकाविरुद्ध हुने भेदभाव उन्मूलन गर्न ठोस विधायिका र नीतिगत कदमहरू र हुने हानिकारक अभ्यासहरूको नकारात्मक प्रभावहरूबारे जनचेतना लगायतका प्रयासहरूलाई सबल बनाउनुहोस् (इन्डोनेसिया),

१५९.१८० महिला र बालिकाको समाजमा सशक्तिकरण गर्ने र अधिकार प्रवर्द्धन गर्ने प्रयास जारी राख्नुहोस् (इरान),

१५९.१८१ लकडाउनको समयमा बालिकाका लागि अनलाइन शिक्षामा समान पहुँच प्रदान गर्न प्रयासहरू बढाउनुहोस् (इरान),

१५९.१८२ न्यायपालिका, सुरक्षा निकायहरू र कूटनीतिक निकायहरूमा महिला र पुरुषहरू बीच प्रभावकारी समानता हासिल गर्न प्रयासहरू बढाउनुहोस् (इराक),

१५९.१८३ महिला र बालिकाहरूविरुद्ध हुने सबै प्रकारका हिंसा, बालविवाह र जबरजस्ती विवाह र अन्य हानिकारक अभ्यासहरू लगायतका सबै प्रकारका हिंसाकोविरुद्ध लड्न र घरेलु हिंसाविरुद्ध लड्न थप उपायहरू अवलम्बन गर्नुहोस् (इटली),

१५९.१८४ लैङ्गिक हिंसा प्रतिक्रिया र प्रतिकार्य सेवा (gender-based violence response services) र न्यायमा प्रभावकारी पहुँच सुनिश्चित गर्नुहोस् (जापान),

१५९.१८५ महिला र बालिकाहरूलाई यौन र लैङ्गिक हिंसाका घटनाहरूको उजुरी गर्न सुरक्षित वातावरण र सबै उजुरीहरूको पूर्ण र पर्याप्त रूपमा छानबिन भएको सुनिश्चित गर्नुहोस् (लाट्भिया),

१५९.१८६ महिलाविरुद्ध हुने सबै प्रकारका लैङ्गिक हिंसालाई समेट्न पारिवारिक र घरेलु हिंसाको परिभाषालाई फराकिलो बनाउने, साथै लैङ्गिक हिंसा विरुद्ध प्रतिकार्य र प्रतिक्रिया सेवामा प्रभावकारी पहुँच सुनिश्चित गरी पीडितहरूलाई न्याय प्रदान गर्न सबै प्रकारका यौन तथा लैङ्गिक हिंसा उन्मूलन गर्ने प्रभावकारी कदम चाल्नुहोस् (लिक्टेन्स्टाइन),

१५९.१८७ लैङ्गिक हिंसा पीडितहरूका लागि पर्याप्त सङ्ख्यामा सुरक्षित आश्रयहरूको लागि दिगो कोष सुनिश्चित गर्नुहोस् (मलेसिया),

१५९.१८८ महिला र बालिकालाई यौन हिंसा लगायतका हिंसाका घटनाहरूको उजुरी गर्न प्रहरीले सुरक्षित र गोप्य वातावरण उपलब्ध गराउने र त्यस्ता उजुरीहरूको अभिलेख राखी र अनुसन्धान गरी दोषीहरूलाई न्यायको दायरामा ल्याउने कुरा सुनिश्चित गर्न काम जारी राख्नुहोस् (माल्टा),

१५९.१८९ सबै प्रकारका लैङ्गिक हिंसा र मानव बेचबिखनका पीडित र पीडितहरूका लागि आश्रयस्थलहरू र संकट व्यवस्थापन केन्द्रहरूका लागि पर्याप्त रकम र सुविधा विनियोजन गर्नुहोस् (म्यानमार),

१५९.१९० महिलाविरुद्ध हुने भेदभाव उन्मूलन गर्न राष्ट्रिय प्रणालीलाई थप सुदृढ गर्न जारी राख्नुहोस् (आर्मेनिया),

१५९.१९१ लैङ्गिक भेदभाव बिना समान वंशको अधिकार र सुरक्षित मातृत्वको अधिकारसहित महिला अधिकारहरूको पूर्ण प्रत्याभूति गर्न जारी राख्नुहोस् (निकारागुआ),

१५९.१९२ महिला र पुरुष समलिङ्गी, द्विलिङ्गी, तेस्रो लिङ्गी, अन्तर्लिङ्गी समुदायका व्यक्तिहरू (LGBTI) लगायत समाजका सबै तहहरूमा यौन र लैङ्गिक उत्पीडना र हिंसा अन्त्य गर्न पूर्ण रूपमा प्रतिबद्ध हुनुहोस् (नर्वे),

१५९.१९३ महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको उल्लङ्घन गर्ने नागरिकता सम्बन्धी कानुनी संरचना परिमार्जन गरी बिना विभेद महिलाले नागरिकता प्रदान गर्ने अधिकारको प्रत्याभूति गर्नुहोस् (पानामा),

१५९.१९४ हानिकारक अभ्यास, मानव बेचबिखन र बाल श्रम उन्मूलन गर्न विद्यमान कानुन र नीतिहरूको कार्यान्वयनलाई बलियो बनाउने र सचेतना अभिवृद्धि अभियानहरू प्रवर्द्धन गर्नुहोस् (पानामा),

१५९.१९५ लैङ्गिक हिंसा र महिला र बालिकाका लागि हानिकारक केही परम्परागत अभ्यासहरूविरुद्धको कानुनको कार्यान्वयनलाई बलियो बनाउनुहोस् (फिलिपिन्स),

१५९.१९६ महिलाविरुद्धको हानिकारक परम्परागत प्रचलनहरूबारे सचेतना कार्यक्रमलाई बलियो बनाउनुहोस् र अनुसन्धान र पीडकको अभियोजनमा सुधार गरी पीडितहरूलाई क्षतिपूर्ति प्रदान गर्नुहोस् (पोर्चुगल),

१५९.१९७ लैङ्गिक हिंसा र जातीय भेदभाव अन्त्य गर्न र जबरजस्ती करणीसम्बन्धी कानुनलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाएर पीडितहरूका लागि न्यायमा पहुँच सुनिश्चित गर्ने प्रयासहरू बढाउनुहोस् (अष्ट्रेलिया),

१५९.१९८ राष्ट्रिय लैङ्गिक समानता नीतिको मस्यौदालाई द्रुत गतिमा अन्तिम रूप दिने र यसका मुख्य उपायहरूकाबारेमा समाजका सबै तहमा चेतना जगाउने गतिविधिहरू सञ्चालन गर्नुहोस् (सिङ्गापुर),

१५९.१९९ घरेलु हिंसालगायत विगतका वर्षहरूमा वृद्धि भएका मुद्दाहरू विरुद्ध लड्न र हानिकारक अभ्यासहरूलाई निषेध गरी महिला र बालिकाहरूविरुद्ध हुने हिंसालाई रोक्न थप प्रयासहरू बढाउनुहोस्- जस्तै, रसायनको प्रयोगबाट गरिने हिंसा निषेध गरिएको कानुन एउटा राम्रो उदाहरण हो (स्पेन),

१५९.२०० सबै हानिकारक परम्परागत अभ्यासहरूको अन्त्य गर्न कदमहरू चाल्नुहोस् (सुडान),

१५९.२०१ लिङ्गमा आधारित हिंसाबाट पीडितहरूलाई संरक्षण गर्ने र लैङ्गिक समानता सुनिश्चित गर्ने उद्देश्य सहित प्रयासहरूलाई बलियो बनाउनुहोस् (अजरबैजान),

१५९.२०२ लिङ्गमा आधारित हिंसा अन्त्य गर्न र हिंसा प्रतिक्रिया सेवाहरूमा प्रभावकारी पहुँच सुनिश्चित गर्न आफ्ना प्रयासहरू दोब्बर गर्नुहोस् (थाइल्याण्ड),

१५९.२०३ महिलाहरूलाई आर्थिक र सामाजिक रूपमा सशक्तिकरण गर्न जारी राख्नुहोस्, र सबै प्रकारका लैङ्गिक हिंसालाई रोक्नका लागि कानुनहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नुहोस् (टर्की),

१५९.२०४ सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्ने रणनीतिलाई परिचालन गर्नुहोस् (बुर्किना फासो),

१५९.२०६ बालविवाह प्रथाको अन्त्य निश्चित गर्नुहोस् (होली सी),

१५९.२०७ दिगो विकास लक्ष्यहरू अनुरूप सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्ने लक्ष्यसहित राष्ट्रिय कार्ययोजनालाई पूर्ण रूपमा कार्यान्वयन गर्न अगाडि बढ्नुहोस् (काजाकस्तान),

१५९.२०८ बालबालिकालाई अन्तिम उपायको रूपमा मात्र हिरासतमा राखिने सुनिश्चित गरी सबै अवस्थाहरूमा बालबालिकामाथि हुने यातना र दुर्व्यवहारको अन्त्य गर्ने प्रयासलाई बलियो बनाउनुहोस् (लिक्टेन्स्टाइन),

१५९.२०९ अनौपचारिक क्षेत्रमा हुने बालश्रमलाई बालश्रम (निषेध तथा नियमन) ऐनमा समावेश गरिएको सुनिश्चित गर्नुहोस् (बेल्जियम),

१५९.२१० सबै बालबालिकालाई आफ्ना विचार व्यक्त गर्न सुरक्षित र समावेशी संयन्त्रको विकास गर्नुहोस् र चरम बाल श्रमकाविरुद्ध लड्ने समाधान खोज्न प्रयासहरू गर्नुहोस् (क्रोएसिया),

१५९.२११ विशेषगरी जोखिमपूर्ण कामको सम्बन्धमा बालश्रम प्रथा उन्मूलन गर्न विद्यमान कानुन र नीतिहरूको कार्यान्वयनलाई बलियो बनाउनुहोस् (इटाली),

१५९.२१२ अनौपचारिक क्षेत्रलाई समावेश गर्न बालश्रमसम्बन्धी कानुन र नियमहरूको विस्तार गर्नुहोस् (काजाकिस्तान),

१५९.२१३ सबै प्रकारका बालश्रमविरुद्ध प्रभावकारी कदमसहित बालश्रम (निषेध तथा नियमन) ऐनलाई सबै कामका क्षेत्रमा विस्तार गर्नुहोस् (लिक्टेन्स्टाइन),

१५९.२१४ बालश्रम निषेध गर्ने विद्यमान कानुन पूर्णरूपमा कार्यान्वयन भएको र सो को अनुगमन गरिएको सुनिश्चित गर्नुहोस् (मार्शल टापुहरू),

१५९.२१५ अनौपचारिक क्षेत्रमा बालश्रमको रोकथाम लगायत सबै प्रकारका बालश्रम उन्मूलनका उपायहरूको कार्यान्वयनमा विशेष ध्यान दिनुहोस् (रूसी सङ्घ),

१५९.२१६ बालश्रमसम्बन्धी विद्यमान कानुन र नियमहरूको कार्यान्वयनलाई बलियो बनाउनुहोस्, जसअन्तर्गत श्रम-निरीक्षक पदहरूको संख्या विस्तार गर्नुहोस् र बाल श्रमको क्षेत्रमा योग्यता भएका विज्ञहरूबाट सबै रिक्त पदहरू भर्नुहोस् (स्लोभेनिया),

१५९.२१७ सन् २०२८ सम्ममा बालश्रमका सबैभन्दा खराब रूप उन्मूलन गर्न राष्ट्रिय कार्ययोजनालाई सुदृढ गर्ने पूरक उपायहरू अवलम्बन गर्ने र बालबालिकाका लागि सबैभन्दा खतरनाक श्रमको अवस्थाको उन्मूलनलाई प्राथमिकता दिनुहोस् (स्पेन),

१५९.२१९ सम्बन्धित कानुन परिमार्जन गरी आदिवासी जनजातिहरूको भूमिको उपयोगसम्बन्धी अधिकारको सम्मान गरिएको सुनिश्चित गर्नुहोस् (मार्शल टापुहरू),

१५९.२२० जातीय अल्पसङ्ख्यकहरू उपर बलको अत्यधिक प्रयोग, प्रहरी हिरासतमा यातना निवारण र त्यस्ता घटना भएमा दोषीलाई दण्डित गर्न आवश्यक उपायहरू अवलम्बन गर्नुहोस् (पोर्चुगल),

१५९.२२१ शिक्षाका सबै तहमा सबै अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गरी समावेशी शिक्षा हासिल गर्ने प्रयासलाई बढाउनुहोस् (बुल्गेरिया),

१५९.२२२ दिगो विकास लक्ष्यहरू प्राप्त गर्न अपाङ्गता भएका व्यक्तिहरू र तिनीहरूका प्रतिनिधि संस्थाहरूको अर्थपूर्ण समावेशीतामार्फत सशक्तिकरण हुने सुनिश्चित गर्नुहोस् र अपाङ्गता (समावेशी विकास परियोजनाहरू कार्यान्वयन गर्नुहोस् (बुल्गेरिया),

१५९.२२३ अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर सुधार गर्ने काम जारी राख्नुहोस् (इजिप्ट),

१५९.२२४ अपाङ्गता भएका व्यक्तिहरूका, विशेषगरी समान रोजगारीको अवसर र शैक्षिक र स्वास्थ्य सुविधाहरूमा पहुँचको अधिकारको रक्षा गर्न, थप कदमहरू चाल्नुहोस् (इरान),

१५९.२२५ अपाङ्गता भएका व्यक्तिहरूलाई पुनर्वास सेवा र सामाजिक सुरक्षा कार्यक्रमहरूमा पहुँच सुनिश्चित गर्न जारी राख्नुहोस् (जोर्डन),

१५९.२२६ अपाङ्गता भएका व्यक्तिहरूको सामुदायिक पुर्नस्थापना सेवाहरू र पर्याप्त सामाजिक सुरक्षा कार्यक्रमहरूमा पहुँच सुनिश्चित गर्नका लागि कदमहरू बढाउनुहोस् (मलेशिया),

१५९.२२७ अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण गर्न र नीति निर्माण र विकास प्रक्रियामा उनीहरूको सहभागिता सुनिश्चित गर्न विभिन्न गतिविधिहरूको कार्यान्वयन जारी राख्नुहोस् (कतार),

१५९.२२८ आप्रवासीहरूको मानव अधिकारसम्बन्धी विशेष समाधीक्षकको सन् २०१८ का सिफारिसहरू कार्यान्वयन गरेर, नेपाली आप्रवासी कामदारलगायतको शोषण र दुर्व्यवहार रोक्न थप कदमहरू चाल्नुहोस् (क्यानडा),

१५९.७ दिगो विकास लक्ष्य ११, १३ र १६ मा प्रगति गर्नका लागि आवश्यक मुख्य अन्तर्राष्ट्रिय मानव अधिकारका सन्धिहरू अनुमोदित नभए तिनको अनुमोदन गर्नुहोस् (पाराग्वे),

१५९.१० पहिले पनि सिफारिस गरिएबमोजिम मानव अधिकार परिषद्का सबै विशेष कार्यादेश बाहकहरूलाई स्थायी निमन्त्रणा दिनेबारे विचार गर्नुहोस् (लाट्भिया), संयुक्त राष्ट्र मानव अधिकार प्रणालीसँग समन्वय प्रवर्द्धनका लागि प्रयासहरूको तीव्रतामा जोड दिने र विशेष कार्यादेशबाहकहरूलाई स्थायी निमन्त्रणा जारी गर्नेबारे विचार गर्नुहोस् (दक्षिण कोरिया), देश भ्रमणका लागि अनुरोधहरू विचाराधीन भएका संयुक्त राष्ट्र सङ्घका विशेष कार्यादेशबाहकहरूसँग सक्रिय रूपमा समन्वय गर्नुहोस् र ती सबैलाई स्थायी निमन्त्रणा जारी गर्नेतर्फ विचार गर्नुहोस् (युक्रेन),

१५९.१०३ वैदेशिक रोजगार ऐन र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनलाई मानव बेचबिखन, विशेषगरी महिला र बालबालिका बेचबिखन, रोक्न, दबाउन र दण्डित गर्ने अन्तर्राष्ट्रिय सन्धिपत्रसँग (Trafficking Protocol) सुसंगत बनाउनुहोस् (ग्रेट ब्रिटेन र उत्तरी आयरल्याण्ड),

जानकारीमा लिइएका (Noted) **सिफारिसहरू**

१५९.२ क्लस्टर युद्ध(सामग्री (Cluster Munitions) सम्बन्धी महासन्धिमा सम्मिलित हुनुहोस् (होली सी),

१५९.४ बालबालिकाको अधिकारसम्बन्धी महासन्धिको सञ्चार कार्यविधिसम्बन्धी ऐच्छिक आलेख र यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धिको ऐच्छिक आलेखमा सम्मिलित हुनुहोस् (मंगोलिया),

१५९.६ हतियार व्यापार सन्धि, क्लस्टर हतियारसम्बन्धी महासन्धि, एन्टी पर्सनल खानीहरूको (Anti-Personnel Mines) प्रयोग, भण्डारण, उत्पादन र स्थानान्तरण र तिनीहरूको विनाश सम्बन्धी महासन्धि र आणविक हतियारहरूको निषेधको महासन्धि अनुमोदन गर्नुहोस् (पानामा),

१५९.८ जेनेभा महासन्धिहरूको अतिरिक्त सन्धिपत्र (Additional Protocol) १९४९ अनुमोदन गर्नुहोस्, र अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वका पीडितहरूको संरक्षण अतिरिक्त सन्धिपत्र (प्रोटोकल १) र गैरअन्तर्राष्ट्रिय सशस्त्र द्वन्दका पीडितहरूको संरक्षणसम्बन्धी अतिरिक्त सन्धिपत्र (प्रोटोकल २) अनुमोदन गर्नुहोस् (स्वीजरल्याण्ड),

१५९.११ यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धिको ऐच्छिक आलेख सम्मिलन गर्नुहोस्, यातना, दुर्व्यवहार र बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने नयाँ कानुन लागु गर्नुहोस् र सबै सान्दर्भिक मुद्दाहरूमा अविलम्ब, निष्पक्ष र स्वतन्त्र अनुसन्धान सुनिश्चित गरी अपराधीहरूलाई न्यायको घेरामा ल्याउनुहोस् (चेकिया),

१५९.१२ यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धिको ऐच्छिक आलेख अनुमोदन गर्नुहोस् (अफगानिस्तान) (साइप्रस) (डेनमार्क) (जर्मनी) (सेनेगल) (स्पेन) (स्विजरल्याण्ड) (टिमोरलेस्टे),

१५९.१३ दिगो विकास लक्ष्य १६ अनुरूप यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि र यसको ऐच्छिक आलेख अनुमोदन गर्नुहोस् (पाराग्वे),

१५९.१४ यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धिको ऐच्छिक आलेखलाई अनुमोदन गरेर यातनाविरुद्ध थप लड्ने प्रतिबद्धता प्रदर्शन गर्नुहोस् (युक्रेन),

१५९.१५ विशेषगरी बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र अन्य मानव अधिकारसम्बन्धी मापदण्डहरूको अनुमोदनतर्फ अग्रसर हुनुहोस् (चिले),

१५९.१६ बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गर्नुहोस् (फ्रान्स) (जापान),

१५९.१७ बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि हस्ताक्षर र अनुमोदन गर्ने सम्भावनातर्फ विचार गर्नुहोस् (अर्जेन्टिना), बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदनतर्फ सबै आवश्यक कदमहरू चाल्नुहोस् (ग्रीस), बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि हस्ताक्षर गर्नुहोस् र अनुमोदन गर्नुहोस् (होन्डुरस),

१५९.१८ अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्नुहोस् (फ्रान्स) (स्विजरल्याण्ड),

१५९.१९ अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान सम्मिलन गर्नुहोस् (साइप्रस), पहिले पनि सिफारिस गरिएबमोजिम अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान सम्मिलन गर्नुहोस् र यसका प्रावधानहरूलाई राष्ट्रिय कानुनमा समावेश गर्नुहोस् (एस्टोनिया), पहिले पनि सिफारिस गरिएबमोजिम अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्नुहोस् र यसअन्तर्गतका सबै दायित्वहरूसँग राष्ट्रिय कानुनको संशोधन गरी पूर्णरूपमा पालना गर्नुहोस् (लाट्भिया) स अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको अनुमोदनतर्फ विचार गर्नुहोस् (सेनेगल),

१५९.२० सबै आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गर्नेबारे विचार गर्नुहोस् (इजिप्ट), सबै आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदनतर्फ ठोस कदमहरू लिनुहोस् (एल साल्भाडोर), सबै आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर र अनुमोदन गर्नुहोस् (होन्डुरस), सबै आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र शरणार्थीहरूको स्थितिसम्बन्धी महासन्धि १९५१ लाई अनुमोदन गर्नुहोस् (मेक्सिको), सबै

आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदनबारे विचार गर्नुहोस् (फिलिपिन्स),

१५९.३१ यौनिक झुकाव र लैङ्गिक पहिचानको आधारमा भेदभाव उत्पन्न गर्ने कानुनलाई परिमार्जन गर्नहोस् र यो अधिकारमा समान पहुँच सुनिश्चित गर्न देवानी संहितामा विवाहको परिभाषाको समीक्षा गर्नहोस् (उरुग्वे),

१५९.३६ प्रत्यक्ष र अप्रत्यक्ष भेदभाव र भेदभावका बहुआयामिक र अन्तवर्गीय रूपहरू (intersectionality) समेट्ने परिभाषा समावेश गरी महिला भेदभावविरुद्ध व्यापक कानुन अपनाउनुहोस् (गुयाना),

१५९.३७ समलिङ्गी जोडीहरूलाई पूर्ण विवाहको अधिकार विस्तार गर्दै, विवाह समानताको कानुन अपनाउनुहोस् (आइसल्याण्ड),

१५९.४६ महिला तथा पुरुष समलिङ्गी, द्विलिङ्गी, तेस्रो लिङ्गी र अन्तर लिङ्गी (LGBTI) समुदायलाई संरक्षण गर्न संविधानमा प्रचलित सिद्धान्तहरूलाई सुदृढ गर्दै समलिङ्गी जोडीहरूको विवाहलाई मान्यता दिन देवानी संहिता संशोधन गर्नुहोस् (स्पेन),

१५९.५७ हदम्याद हटाई सबै पाँच प्रकारका परिपूरणको व्यवस्था गरी यातनाविरुद्धको विधेयकको मस्यौदा परिमार्जन गरी अन्तर्राष्ट्रिय मापदण्डहरूको पूर्ण पालना गर्नुहोस् (आयरल्याण्ड),

१५९.७६ नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धसँग सुसङ्गत हुने गरी फौजदारी संहिताका दफा १५५, १५६ र १५८ लाई खारेज वा परिमार्जन गर्नुहोस् (डेनमार्क),

१५९.८४ अभिव्यक्तिको स्वतन्त्रतालाई कुनै पनि माध्यमबाट प्रतिबन्धित गर्ने सबै प्रावधानहरू हटाउनुहोस्, उदाहरणका लागि, गाली बेइज्जती, निन्दा वा मानहानि सम्बन्धी आपराधिक प्रावधानहरू (मेक्सिको),

१५९.८६ नागरिक र राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धको धारा १८ बमोजिम धर्म वा विश्वास छनौट वा परिवर्तन गर्न पाउने अधिकार समावेश गर्न संविधानको धारा २६ संशोधन गर्नुहोस् (नेदरल्याण्ड),

१५९.८७ फौजदारी संहितामा धर्म वा विश्वासको स्वतन्त्रताको अधिकारमा भएका प्रतिबन्धहरू हटाउनुहोस् (नर्वे),

१५९.८९ अभिव्यक्तिको अपराधिकरण हटाउन विद्युतीय कारोबार ऐनमा सुधार गर्नुहोस् (संयुक्त राज्य अमेरिका),

१५९.१०६ अन्तर्राष्ट्रिय श्रम सङ्गठन हिंसा तथा दुर्व्यवहार महासन्धि, २०१९ (बुँदा नं. १९०) लाई अनुमोदन गर्नुहोस् (नामिबिया),

१५९.१०७ अन्तर्राष्ट्रिय श्रम सङ्गठन घरेलु कामदार महासन्धि, २०११ (बुँदा न. १८९) लाई अनुमोदन गर्नुहोस् (नामिबिया),

१५९.१५७ द्वन्द्वको सन्दर्भमा समेत र अन्य अवस्थामा पनि बलात्कार र यौन हिंसाका घटनाहरूको उजुरीमा हदम्याद हटाउनुहोस् (उरुग्वे),

१५९.१५८ बलात्कार र यौन हिंसाका मुद्दाहरूमा न्याय सुनिश्चित गर्नका लागि एक वर्षको हदम्याद हटाउनुहोस् (बहामास),

१५९.१७० अन्तर्राष्ट्रिय मापदण्डहरू अनुरूप जबरजस्ती करणी र अन्य यौन र लैङ्गिक हिंसाका लागि हदम्यादको कानुन हटाउनुहोस् (डेनमार्क),

१५९.१७५ जबरजस्ती करणीसम्बन्धी उजुरीको हदम्यादको कानुन खारेज गर्ने, बलात्कारसम्बन्धी विद्यमान कानुनलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप मिलाउने र घरेलु हिंसा र हानिकारक अभ्यासहरूविरुद्धको कानुन कार्यान्वयन गर्नुहोस् (जर्मनी),

१५९.२०५ स्वतन्त्र बाल अधिकार अनुगमनका लागि जिम्मेवार विशेष संयन्त्र स्थापना गर्नुहोस् (इस्टोनिया),

१५९.२१८ दलित तथा तिब्बती लगायत आदिवासी जनजाति तथा जातीय अल्पसङ्ख्यकहरूको पृथकीकरण र भेदभावविरुद्धको लडाइमा प्रयासहरू बढाउनुहोस् (चेकिया),

१५९.२२९ शरणार्थीहरूको अवस्थासम्बन्धी महासन्धि, १९५१ र यसको आलेख १९६७ अनुमोदन गर्नुहोस्, शरणार्थीहरूलाई उत्पीडनाको सम्भावना भएको देशमा जबरजस्ती फिर्ता नपठाइने (principle of non-refoulement) सिद्धान्तसँग अनुरूप औपचारिक मान्यता प्रणाली विकास गर्नुहोस् (होली सी),

१५९.२३० शरणार्थीहरूको संरक्षणका लागि अन्तर्राष्ट्रिय मापदण्डहरू अनुरूप राष्ट्रिय कानुनहरू अवलम्बन गर्ने, शरणार्थीहरूलाई उत्पीडनको सम्भावना भएको देशमा जबरजस्ती फिर्ता नपठाइने (principle of non-refoulement) सिद्धान्तको सम्मान सुनिश्चित गर्न संयन्त्रहरू स्थापना गर्नुहोस् (अफगानिस्तान),

१५९.२३१ शरणार्थीहरूको स्थितिसम्बन्धी महासन्धि, १९५१ र यसको १९६७ को आलेख अनुमोदन गर्नुहोस् (नामिबिया),

१५९.२३२ सबै तिब्बती, भुटानी र अन्य शरणार्थीहरूलाई सूचीकरण र प्रमाणीकरण गरी उनीहरूलाई परिचय पत्र जारी गरेर, काम गर्ने औपचारिक अधिकार र सेवाहरूमा पहुँच प्रदान गर्नुहोस् (संयुक्त राज्य अमेरिका),

१५९.२३३ भद्र सम्झौताको (gentleman's agreement) कार्यान्वयन पुनः सुरु गर्नुहोस्, आगमन भएका तिब्बती शरणार्थीहरूलाई आफ्नो क्षेत्रबाट पहुँच र सुरक्षित मार्ग प्रदान गर्नुहोस्, र शरणार्थीहरूलाई उत्पीडनाको सम्भावना भएको देशमा जबरजस्ती फिर्ता नपठाइने (principle of non-refoulement) सिद्धान्त अनुरूप चीनसँग भएका कानुनी सम्झौताहरू कार्यान्वयन गर्नुहोस् (संयुक्त राज्य अमेरिका),

मानव अधिकार परिषद्को २०७८ असार ७ देखि २५ गतेसम्मको ४७ औं बैठकमा तेस्रो चरणको समीक्षाअन्तर्गत प्राप्त निष्कर्ष/सिफारिसहरू र स्वैच्छिक प्रतिबद्धताहरूमा नेपालले प्रस्तुत गरेको जवाफहरू

१. नेपाल सरकारले विश्वव्यापी आवधिक समीक्षा (यूपिआर) प्रक्रियालाई विश्वव्यापी मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि एक रचनात्मक संयन्त्रको रूपमा ग्रहण गरेको छ । सन् २१ जनवरी २०२१ (तदनुसार २०७७ माघ ८) मा आयोजित नेपालको तेस्रो (यूपिआर) चक्रमा भएको अन्तरक्रियात्मक संवादमा प्राप्त भएका सिफारिसहरूलाई नेपाल सरकार स्वागत गर्दछ । प्राप्त सबै सिफारिसहरूउपर नेपाल सरकारले ध्यानपूर्वक विचार गरेको छ ।

२. नेपाल विकासको अधिकार लगायत सम्पूर्ण मानव अधिकारको विश्वव्यापकता, अविभाज्यता, अन्तरनिर्भरता र पारस्परिक रूपमा सुदृढ गर्ने प्रकृतिमा दृढ विश्वास गर्दछ । संयुक्त राष्ट्रसङ्घले तोकेका मानव अधिकारका मापदण्ड र प्रक्रियाहरूप्रति सरकार आफ्नो अटल प्रतिबद्धता राख्दै (यूपिआर)मार्फत प्राप्त सिफारिसहरू कार्यान्वयन गर्न पूर्ण रूपमा प्रतिबद्ध छ ।

३. नेपाल सरकारले सूचना प्रवाह गर्न र सिफारिसहरूमा नेपालको आधिकारिक धारणालाई अन्तिम रूप दिन सम्बन्धित मन्त्रालयहरूसँग थुप्रै चरणको छलफलहरू आयोजना गरेको छ । राष्ट्रिय मानव अधिकार आयोग र नागरिक समाजका सङ्घसंस्थाहरूसँग सिफारिसहरूबारे प्रतिक्रिया र विचार प्राप्त गर्न र तिनको कार्यान्वयनको योजना बनाउन परामर्श गरिएको थियो ।

४. नेपाल सरकारले यूपिआर कार्यसमूहको ५ फेब्रुअरी २०२१ (A/HRC/WG.6/37/L.7) को असम्पादित संस्करणमा उल्लेख गरिएका सिफारिसहरूमा आफ्नो अन्तिम धारणाका बारेमा यस परिशिष्टमा जानकारी प्रदान गरेको छ ।

५. प्राप्त भएका अधिकांश सिफारिसहरू कार्यान्वयन भइसकेका छन् र केही सिफारिसहरू कार्यान्वयनको प्रक्रियामा छन् । संविधानले नेपाल राज्य पक्ष भएको अन्तर्राष्ट्रिय दस्तावेजहरूसँग सुसङ्गत मौलिक अधिकारको रूपमा व्यापक मानव अधिकारको प्रत्याभूति गरेको छ । मौलिक हक कार्यान्वयनका लागि बनेका कानुन, आवधिक योजना, राष्ट्रिय मानव अधिकार कार्ययोजना, क्षेत्रगत तथा विषयगत कार्ययोजना तथा नीतिहरू, राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरू र सर्वोच्च अदालतको निर्देशन आदेशहरूमा नेपालको मानव अधिकार प्रतिबद्धता र कार्यान्वयन पक्षहरू झल्किन्छन् । यस सन्दर्भमा, नेपाल सरकार निम्न सिफारिसहरूलाई समर्थन गर्दछ ।

स्वीकार गरिएका सिफारिसहरू

६. प्रकरणहरू १५९.१, १५९.५, १५९.१३७, १५९.९, १५९.५३, १५९.१३१, १५९.१११, १५९.१०८, १५९.११८, १५९.८३, १५९.५८, १५९.२२०, १५९.२०८, १५९.५९, १५९.५६, १५९.७३, १५९.७४, १५९.८०, १५९.१०४, १५९.१६२, १५९.१६७, १५९.१७८, १५९.१६५, १५९.१६९, १५९.१९३, १५९.१७३, १५९.१५९, १५९.१९९, १५९.२००, १५९.२०२, १५९.२०१, १५९.२०४, १५९.२०६, १५९.२०७, १५९.१७९, १५९.१९२, १५९.१७७, १५९.१९४, १५९.२०९, १५.२१५, १५९.२१७, १५९.२१३, १५९.१३९, १५९.१९५, १५९.२११, १५९.२१२, १५९.२१४, १५९.२१६, १५९.२१९, १५९.१३५, १५९.४५, १५९.२४, १५९.२८, १५९.१८४, १५९.१८३, १५९.१६०, १५९.१९०, १५९.१९१, १५९.१८०, १५९.१६८, १५.१६३, १५९.१६४, १५९.१६१, १५९.३५, १५९.१८२, १५९.१०५, १५९.१८७, १५९.१८६, १५९.५०, १५९.४९, १५९.५२, १५९.५१, १५९.५४, १५९.६१, १५९.१०९, १५९.११०, १५९.११२, १५९.११३, १५९.११४, १५९.११५, १५९.११६, १५९.११७, १५९११९, १५९.१२०, १५९.१२१, १५९.१२२, १५९.१२३, १५९.२२२, १५९.२२३, १५९.२२५, १५९.२२७, १५९.२२६, १५९.२२४, १५९.१२४, १५९.१२५, १५९.१२६, १५९.१२७, १५९.१२८, १५९.१२९, १५९.१३०, १५९.१३२, १५९.१३८, १५९.१३३, १५९.१४०, १५९.१३४, १५९.१३६, १५९.१४१, १५९.१४२, १५९.१४३, १५९.१४६, १५९.१४४, १५९.१४७, १५९.२२१, १५९.१८१, १५९.१४८, १५९.१४९, १५९.१५०, १५९.१९७, १५९.१५१, १५९.१७१, १५९.१७२, १५९.१५२, १५९.१५३, १५९.१५४, १५९.१५५, १५९.२१०, १५९.२१, १५९.६२, १५९.२३, १५९.३८, १५९.६३, १५९.६४, १५९.६५, १५९.६६, १५९.६७, १५९.६८, १५९.६९, १५९.७०, १५९.७१, १५९.७२, १५९.२५, १५९.२७,

१५९.२२, १५९.२६, १५९.२९, १५९.३०, १५९.६०, १५९.१५६, १५९.१९६, १५९.१९८, १५९.३२, १५९.३३, १५९.३४, १५९.३९, १५९.४०, १५९.४१, १५९.४२, १५९.४३, १५९.४४, १५९.४७, १५९.४८, १५९.५५, १५९.१४५, १५९.९०, १५९.१८९, १५९.९१, १५९.९२, १५९.९३, १५९.९४, १५९.९५, १५९.९६, १५९.९७, १५९.९८, १५९.९९, १५९.२२८, १५९.१००, १५९.१०१, १५९.१०२, १५९.१०३, १५९.७५, १५९.७७, १५९.१७६, १५९.१७४, १५९.१६६, १५९.७८, १५९.१८५, १५९.१८८, १५९.८१, १५९.७९, १५९.८२, १५९.८५, १५९.८८, र १५९.२०३ ।

७. प्रकरण १५९.३ को सम्बन्धमा, नेपाल आणविक हतियारको ओसारपसार (non-proliferation) र पूर्ण निशस्त्रीकरणतर्फ अघि बढ्न प्रतिबद्ध छ । नेपालले सन् २० सेप्टेम्बर २०१७ मा आणविक हतियार निषेधसम्बन्धी सन्धिमा हस्ताक्षर गरेको थियो ।

८. प्रकरण १५९.७ को सम्बन्धमा, नेपाल CEDAW, CERD, CRC, CAT र ६ वटा ऐच्छिक आलेखहरू सहित सात ओटा मूल मानव अधिकार महासन्धिहरू, सन् १९४९ का ४ जेनेभा महासन्धिसहित सात मानवीय कानुन महासन्धिहरू, ११ अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धिहरू, १४ अन्य अन्तर्राष्ट्रिय महासन्धिहरू र मानव अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने दुई क्षेत्रीय महासन्धिहरूको पक्ष राष्ट्र हो । त्यसैगरी, नेपाल UNFCCC, क्योटो प्रोटोकल, पेरिस सम्झौता, जैविक विविधता महासन्धि आदिको पनि पक्ष राष्ट्र हो ।

९. प्रकरण १५९.१० को सम्बन्धमा, नेपालले संयुक्त राष्ट्रसङ्घीय विशेष कार्यादेशवाहकहरूको कामलाई उच्च महत्त्व दिएको छ र मानव अधिकार परिषद् र अन्य संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार संयन्त्रहरूको कार्यादेशवाहकसँग रचनात्मक रूपमा संलग्न हुँदै आएको छ । क्षमतासँग सम्बन्धित अवरोधका बाबजुद नेपालले नियमित रूपमा विशेष समाधीक्षकहरूलाई देश भ्रमणका लागि आमन्त्रण गर्दै आएको छ र उनीहरूका सुझावलाई कार्यान्वयन गर्दै आएको छ । नेपाल यस वर्ष खाद्य अधिकारसम्बन्धी विशेष समाधीक्षक र चरम गरिबीसम्बन्धी विशेष समाधीक्षकलाई स्वागत गर्न तत्पर छ ।

जानकारीमा लिइएका सिफारिसहरू

१०. निम्न सिफारिसहरूलाई आवश्यक कानुनी, नीतिगत र संस्थागत पूर्वाधारहरूको विकास, कार्यान्वयन क्षमता, थप लगानी र स्रोतहरूको आवश्यक भएको हुँदा थप मूल्याङ्कन गर्न आवश्यक छ र सोबमोजिम जानकारीमा लिइएका छन् ।

प्रकरणहरू १५९.२ र १५९.६

क्लस्टर हतियार (Cluster Munitions) **सम्बन्धी महासन्धि, हतियार व्यापार सन्धि, एन्टी पर्सनल खानीहरूको** (Anti-Personnel Mines) **प्रयोग, भण्डारण, उत्पादन र स्थानान्तरण र तिनीहरूको विनाशसम्बन्धी महासन्धि र आणविक हतियारहरूको निषेधको महासन्धिमा सम्मिलित हुनुहोस् ।**

११. निशस्त्रीकरणको विषयमा नेपालको अडान स्पष्ट छ । नेपालले प्रभावकारी अन्तर्राष्ट्रिय नियन्त्रणअन्तर्गत व्यापक विनाशका सबै हतियारहरूको समयबद्ध भई, पूर्ण र सम्पूर्ण निशस्त्रीकरणलाई समर्थनको गर्दछ । निशस्त्रीकरणप्रति अटल प्रतिबद्धता नेपालको संविधानमा उल्लिखित विश्व शान्तिका मूल मूल्य मान्यताहरूबाट उब्जिएको छ । नेपाल सरकार थप अन्तर्राष्ट्रिय संयन्त्रमा सामेल हुनु अघि आवश्यक कानुनी र संस्थागत आधार र क्षमता अभिवृद्धि गर्न चाहान्छ ।

प्रकरणहरू १५९.४, १५९.११, १५९.१२, १५९.१३, १५९.१४

यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धिको ऐच्छिक आलेख

१२. नेपाल सबै व्यक्तिको जीवन, स्वतन्त्रता र सुरक्षाको रक्षा गर्न दृढतापूर्वक प्रतिबद्ध छ । नेपाल २०४८ साल वैशाख ३१ मा CAT को राज्य पक्ष बन्यो । संविधानले यातना विरुद्धको अधिकार सुनिश्चित गरेको छ र शारीरिक वा मानसिक यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहारलाई निषेध गरेको छ । कुनै पनि गिरफ्तार वा हिरासतमा रहेको व्यक्ति उपर उपरोक्त कुनै पनि कार्य कानुनद्वारा दण्डनीय छ र पीडितलाई क्षतिपूर्तिको अधिकार छ । यातना र अमानवीय व्यवहारलाई मुलुकी अपराध संहिता २०७४ द्वारा अपराधिकरण गरिएको छ । सामान्य फौजदारी न्याय संयन्त्रका अतिरिक्त अन्य स्वतन्त्र निरीक्षण संयन्त्रहरू छन् । उदाहरणका लागि, राष्ट्रिय मानव अधिकार आयोग र महान्यायाधिवक्ताको कार्यालय पनि यातनाका घटनाहरूको अनुसन्धान र अभियोजन गर्न जिम्मेवार छन् ।

प्रकरण १५९.४

बालबालिकाको अधिकारसम्बन्धी महासन्धिको सञ्चार कार्यविधिबारे ऐच्छिक आलेखमा सम्मिलित हुनुहोस् ।

१३. नेपाल सरकार थप अन्तर्राष्ट्रिय संयन्त्रहरूमा सामेल हुनु अघि आवश्यक कानुनी र संस्थागत आधार र क्षमता अभिवृद्धि गर्न चाहान्छ ।

प्रकरण १५९.८

जेनेभा महासन्धिहरू १९४९ को अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वका पीडितहरूको संरक्षण अतिरिक्त सन्धिपत्र (प्रोटोकल १) र गैरअन्तरराष्ट्रिय सशस्त्र द्वन्दका पीडितहरूको संरक्षणसम्बन्धी अतिरिक्त सन्धिपत्र (प्रोटोकल २) अनुमोदन गर्नुहोस् ।

१४. नेपाल सरकार थप अन्तर्राष्ट्रिय संयन्त्रहरूमा सामेल हुनु अघि आवश्यक कानुनी र संस्थागत आधार र क्षमता अभिवृद्धि गर्न चाहान्छ ।

प्रकरणहरू १५९.१५, १५९.१६, १५९.१७

विशेषगरी बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र अन्य मानव अधिकारसम्बन्धी मापदण्डहरूको अनुमोदनतर्फ प्रगति गर्नुहोस् ।

१५. नेपालको फौजदारी संहिताले सान्दर्भिक अन्तर्राष्ट्रिय दस्तावेजहरूको पालना गर्दै बलपूर्वक बेपत्ता पार्ने कार्यलाई स्पष्ट रूपमा अपराधिकरण गरेको छ । नेपाल सरकार थप संयन्त्रमा सामेल हुनु अघि आवश्यक कानुनी र संस्थागत आधार र क्षमता अभिवृद्धि गर्न चाहान्छ ।

प्रकरणहरू १५९.१८ र १५९.१९

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्नुहोस् ।

१६. नेपालले दण्डहीनतालाई प्रश्रय दिएको छैन । मुलुकी फौजदारी संहिताले रोम विधानमा समावेश गरिएका अधिकांश अपराधहरूलाई स्पष्ट रूपमा अपराधीकरण गरेको छ । नेपालको न्याय प्रणाली, सबै प्रकारका फौजदारी मुद्दामा न्याय दिन पूर्ण रूपमा सक्षम, स्वतन्त्र र निष्पक्ष छ । नेपाल सरकार थप अन्तर्राष्ट्रिय संयन्त्रहरूमा सामेल हुनु अघि आवश्यक कानुनी र संस्थागत आधार र क्षमता अभिवृद्धि गर्न चाहान्छ ।

प्रकरण १५९.२०

सबै आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गर्नेबारे विचार गर्नुहोस् ।

१७. नेपाल सरकारले श्रम आप्रवासनलाई, सुरक्षित, विश्वसनीय र मर्यादित बनाउन आवश्यक कदम चाल्दै आएको छ। आप्रवासी कामदारहरूको मानव अधिकारको संरक्षण र उनीहरूको कल्याण सुनिश्चित गर्न प्रतिबद्ध छ। सुरक्षित, व्यवस्थित र नियमित आप्रवासनसम्बन्धी ग्लोबल कम्प्याक्टमा पहिचान गरिएका सान्दर्भिक

क्षेत्रहरूलाई आवश्यक नीति र कानुनमार्फत कार्यान्वयन गर्न नेपाल सरकार प्रतिबद्ध छ । नेपाल सरकार थप अन्तर्राष्ट्रिय संयन्त्रहरूमा सामेल हुनु अघि आवश्यक कानुनी र संस्थागत आधार र क्षमता अभिवृद्धि गर्न चाहान्छ ।

प्रकरणहरू १५९.२२९, १५९.२३०, १५९.२३२, १५९.२३१, १५९.२३३

शरणार्थीहरूको स्थितिसम्बन्धी महासन्धि, १९५१ अनुमोदन गर्नुहोस् र शरणार्थीहरूलाई उत्पीडनाको सम्भावना भएको देशमा जबरजस्ती फिर्ता नपठाइने (principle of non-refoulement) **सिद्धान्तको परिपालना गर्नुहोस् ।**

१८. नेपाल शरणार्थी महासन्धि १९५१ र १९६७ को आलेखको पक्षराष्ट्र नभए पनि दशकौंदेखि मानवीयताको आधारमा तिब्बती र भुटानी शरणार्थीहरूलाई आश्रय दिएको छ । सुपुर्दगी ऐनले शरणार्थीहरूलाई सम्भावित उत्पीडनको खतरा भएको देशमा जबरजस्ती फिर्ता नपठाउन (principle of non-refoulement) सिद्धान्तलाई मान्यता दिएको छ र यदि कुनै व्यक्तिलाई यातना वा मृत्युदण्ड दिइने विश्वास गर्ने विश्वसनीय कारण भएमा सुपुर्दगी अनुरोध गर्ने राज्यलाई अस्वीकार गर्न पनि सकिनेछ ।

प्रकरण १५९.१०६

अन्तर्राष्ट्रिय श्रम सङ्गठन हिंसा तथा दुर्व्यवहार महासन्धि, २०१९ (नं. १९०) लाई अनुमोदन गर्नुहोस् ।

१९. कार्यस्थलमा हुने यौन दुर्व्यवहार (नियन्त्रण) ऐन २०७१ ले औपचारिक र अनौपचारिक कार्यस्थलमा हुने यौन दुर्व्यवहारलाई नियन्त्रण र सजाय दिने उपायहरू प्रदान गर्दछ । मुलुकी अपराध संहिताले यौन दुर्व्यवहार गर्नेलाई तीन वर्षसम्म कैद र तीस हजार रुपियाँसम्म जरिवाना हुने व्यवस्था गरेको छ ।

प्रकरण १५९.१०७

अन्तर्राष्ट्रिय श्रम सङ्गठन घरेलु कामदार महासन्धि, २०११ (न. १८९) लाई अनुमोदन गर्नुहोस् ।

२०. श्रम ऐन २०७४ र श्रम नियमावली २०७५ ले घरेलु कामदारहरूको न्यूनतम पारिश्रमिक, तलबी बिदा, साप्ताहिक बिदा, सांस्कृतिक र चाडपर्व बिदा, नियमित समयभन्दा बढी काम गर्ने ओभरटाइमलगायतका विषयहरूलाई समावेश गरेको छ । साथै योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४, बाँधाश्रम

(निषेध) ऐन २०५८, बाल श्रम (निषेध र सजाय) ऐन २०५६ प्रभावकारी रूपमा लागू भइरहेका छन् ।

प्रकरण १५९.३१

यौनिक झुकाव र लैङ्गिक पहिचानको आधारमा भेदभाव उत्पन्न गर्ने कानुनलाई परिमार्जन गर्नहोस् र यो अधिकारमा समान पहुँच सुनिश्चित गर्न देवानी संहितामा विवाहको परिभाषाको समीक्षा गर्नहोस् ।

२१. राष्ट्रिय देवानी संहिताले विवाहलाई स्थायी, अपरिवर्तनीय, पूर्ण सामाजिक र कानुनी बन्धन मानेको छ जुन स्वतन्त्र सहमतिमा आधारित र महिला र पुरुषबीच वैवाहिक र पारिवारिक जीवन सुरु गर्न स्थापित हुन्छ । विवाहयोग्य उमेरका पुरुष र महिलालाई विवाह गर्ने र परिवार बसाउने अधिकार छ । फौजदारी संहिताले २० वर्षभन्दा कम उमेरको विवाहलाई निषेध गरेको छ ।

प्रकरण १५९.३६

प्रत्यक्ष र अप्रत्यक्ष भेदभाव र भेदभावका बहुआयामिक र अन्तवर्गीय रूपहरू (Intersectionality) **समेट्ने परिभाषा समावेश गरी महिला भेदभावविरुद्ध व्यापक कानुन अपनाउनुहोस् ।**

२२. लैङ्गिक र जातीय आधारमा हुने कानुनी र व्यावहारिक भेदभाव अन्त्य गर्न संविधानले कानुनमा समानता र कानुनको समान संरक्षणको हक सुनिश्चित गरेको छ । यसले उत्पत्ति, जात, जनजाति, समुदाय, पेशा वा शारीरिक अवस्थाका आधारमा छुवाछुत र भेदभावविरुद्धको अधिकार पनि प्रदान गरेको छ । जातीय भेदभावलाई निषेध र अपराध करार गर्न जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ र सो को नियम, अपराध संहिता, मूलुकी देवानी संहिता, घरेलु हिंसा (नियन्त्रण तथा सजाय) ऐन, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४, कार्यस्थलमा यौन दुर्व्यवहार (नियन्त्रण) ऐन २०७१ प्रभावकारी रूपमा लागु भइरहेका छन् । त्यसैले यस सम्बन्धमा छुट्टै कानुनको आवश्यकता छैन ।

प्रकरणहरू १५९.३७ र १५९.४६

समलिङ्गी जोडीहरूलाई पूर्ण विवाहको अधिकार विस्तार गर्दै, विवाह समानताको कानुन अपनाउनुहोस् ।

२३. राष्ट्रिय देवानी संहिताले विवाहलाई स्थायी, अपरिवर्तनीय, पूर्ण सामाजिक र कानुनी बन्धन मानेको छ जुन स्वतन्त्र सहमतिमा आधारित र महिला र पुरुषबीच वैवाहिक र पारिवारिक जीवन सुरु गर्न स्थापित हुन्छ। विवाहयोग्य उमेरका पुरुष र महिलालाई विवाह गर्ने र परिवार बसाउने अधिकार छ। फौजदारी संहिताले २० वर्षभन्दा कम उमेरको विवाहलाई निषेध गरेको छ।

प्रकरण १५९.५७

हदम्याद हटाइ पाँचै प्रकारका परिपूरणको व्यवस्था गरी यातनाविरुद्धको विधेयकको मस्यौदा अन्तर्राष्ट्रिय मापदण्डहरूको पूर्ण पालना गर्दै परिमार्जन गर्नुहोस्।

२४. यातना र अमानवीय व्यवहारलाई फौजदारी संहिताले अपराध करार गरेको छ।

प्रकरण १५९.८९

अभिव्यक्तिको अपराधीकरण हटाउन विद्युतीय कारोबार ऐनमा सुधार गर्नुहोस्।

२५. संवैधानिक रूपमा प्रत्याभूत गरिएको मौलिक अधिकारको विपरीत कुनै पनि कानुन बनाउन पाइने छैन। सम्बन्धित विधेयक संसदमा विचाराधीन छ।

प्रकरणहरू १५९.१५७, १५९.१५८, १५९.१७०, १५९.१७५

द्वन्द्वको सन्दर्भमा समेत र अन्य अवस्थामा पनि बलात्कार र यौन हिंसाका घटनाहरूको उजुरीमा हदम्याद हटाउनुहोस्।

२६. मुलुकी अपराध संहिताले जबरजस्तीकरणीका घटनाको उजुरी गर्ने हदम्याद ३५ दिनबाट बढाएर एक वर्ष बनाएको छ। नेपाल घरेलु हिंसा र हानिकारक अभ्याससम्बन्धी विद्यमान कानुन कार्यान्वयन गर्न प्रतिबद्ध छ।

प्रकरण १५९.२०५

स्वतन्त्र बाल अधिकार अनुगमनको लागि जिम्मेवार विशेष संयन्त्र स्थापना गर्नुहोस्।

२७. बालबालिकासम्बन्धी ऐन २०७५ ले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको अध्यक्षतामा बहु-सरोकारवाला राष्ट्रिय बाल अधिकार परिषद्को व्यवस्था गरेको छ। परिषद्मा बाल अधिकार, बाल संरक्षण, बाल कल्याण र बाल न्यायको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी निकाय र नागरिक समाजका संस्थाहरूको प्रतिनिधित्व भएको छ। परिषद्ले अवलम्बन गर्नुपर्ने नीति तथा

कार्यक्रमबारे सरकारलाई सिफारिस गर्दछ र नेपाल सरकारले सञ्चालन गरेका बालबालिकासम्बन्धी कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन र समीक्षा पनि गर्दछ । राष्ट्रिय मानव अधिकार आयोगलाई बालबालिकालगायतको मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने कार्यादेश रहेको छ । साथै, बालबालिकालगायतका मानव अधिकार उल्लङ्घनका अभियोगहरूको छानबिन गरी आवश्यक कारबाही गर्न सम्बन्धित व्यक्ति वा निकायलाई सिफारिस गर्ने अधिकार पनि छ ।

प्रकरणहरू १५९.७६, १५९.८७, १५९.८६

नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धसँग सुसङ्गत हुने गरी फौजदारी संहिताका दफा १५५, १५६ र १५८ लाई खारेज वा परिमार्जन गर्नुहोस् । फौजदारी संहितामा धर्म वा विश्वासको स्वतन्त्रताको अधिकारमा भएका प्रतिबन्धहरू हटाउनुहोस् । नागरिक र राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धको धारा १८ बमोजिम धर्म वा विश्वास छनौट वा परिवर्तन गर्न पाउने अधिकार समावेश गर्न संविधानको धारा २६ संशोधन गर्नुहोस् ।

२८. संवैधानिक प्रावधानहरू नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १८ सँग सुसङ्गत छन् । नेपाल धर्मनिरपेक्ष राज्य हो । संविधानले सबै जनतालाई धार्मिक स्वतन्त्रताको पूर्ण प्रत्याभूति गरेको छ र धार्मिक आस्थाको आधारमा भेदभाव गर्न निषेध गरेको छ । प्रत्येक व्यक्तिलाई धार्मिक आस्था छनोट गर्न, ग्रहण गर्न, पेश गर्न वा अभ्यास गर्न स्वतन्त्रता छ । यद्यपि, प्रत्येक धार्मिक समूहले धार्मिक स्वतन्त्रताको पूर्ण प्रयोग सुनिश्चित गर्न बलपूर्वक वा अनुचित प्रभाव वा प्रलोभनद्वारा धर्म परिवर्तन गर्न निषेध गरिएको छ ।

प्रकरण १५९.८४

अभिव्यक्तिको स्वतन्त्रतालाई कुनै पनि माध्यमबाट प्रतिबन्धित गर्ने सबै प्रावधानहरू हटाउनुहोस्, उदाहरणका लागि, गाली बेइज्जती, निन्दा वा मानहानिसम्बन्धी आपराधिक प्रावधानहरू

२९. नेपालको संविधानले मानव अधिकारको विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धसँग सुसंगत हुनेगरी अभिव्यक्ति र विचारको स्वतन्त्रतालाई प्रत्याभूत गरेको छ । संविधानले विद्युतीय प्रकाशन, प्रसारण र मुद्रणलगायत, जुनसुकै माध्यमबाट, कुनै पनि समाचार,

सम्पादकीय, फिचर लेख वा अन्य पठन, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन र प्रसारण वा मुद्रणलाई संकुचन गर्ने, बन्द गर्ने वा जफत गरिने, दर्ता रद्द गरिने छैन भनी व्यवस्था गरेको छ। प्रेस र प्रकाशनसम्बन्धी ऐन २०४८; प्रेस परिषद् ऐन २०४८, राष्ट्रिय प्रसारण ऐन २०४९, श्रमजीवी पत्रकार सम्बन्धी ऐन २०५१, विद्युतीय कारोबार ऐन २०६३, सूचनाको हकसम्बन्धी ऐन २०६४, मिडिया परिषद् ऐन २०७५, र सूचना प्रविधिसम्बन्धी ऐन २०७५, कार्यान्वयन भइरहेका छन्।

प्रकरण १५९.२१८

दलित तथा तिब्बती लगायत आदिवासी जनजाति तथा जातीय अल्पसङ्ख्यकहरूको पृथकीकरण र भेदभावविरुद्धको लडाइमा प्रयासहरू बढाउनुहोस्।

३०. संविधानले सामाजिक न्यायको हकसँगै समानता र अविभेदलाई सुनिश्चित गरेको छ। नेपाल समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तमा आधारित समतामूलक समाज निर्माण गर्न प्रतिबद्ध छ। वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धर्म र लिङ्गका आधारमा हुने विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने लक्ष्य राखिएको छ। कुनै पनि समूह, जाति वा जातीय वा धार्मिक आस्थाविरुद्ध भेदभाव गर्ने वा भेदभावलाई समर्थन गर्ने कुनै कानुन र नीति छैन।

३१. नेपाल सरकारले पाँचौं राष्ट्रिय मानव अधिकार कार्ययोजना (सन् २०२०-२०२५) कार्यान्वयन गर्दैछ। सरकारले यूपिआर कार्यान्वयन कार्ययोजना तर्जुमा गरी स्वीकारेका सिफारिसलाई कार्यान्वयन गरिरहेको छ।

प्रतिनिधि मण्डलको संरचना

नेपाली प्रतिनिधिमण्डलको नेतृत्व परराष्ट्रमन्त्री माननीय श्री प्रदीपकुमार ज्ञवालीले गरेका थिए र देहायका सदस्यहरू रहेका थिए:

- श्री प्रदीपकुमार ज्ञवाली, परराष्ट्र मन्त्री, परराष्ट्र मन्त्रालय,
- श्री शंकरदास बैरागी, मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
- श्री धनराज ज्ञवाली, सचिव (कानुन), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
- श्री ऋषि राजभण्डारी, सचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय,
- श्री भरतराज पौड्याल, सचिव, परराष्ट्र मन्त्रालय,
- श्री महेश्वर न्यौपाने, सचिव, गृह मन्त्रालय,
- श्री यमकुमारी खतिवडा, सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,
- श्री गोपीनाथ मैनाली, सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
- श्री लक्ष्मण अर्याल, सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय,
- श्री तोयम राय, सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,
- श्री मणिप्रसाद भट्टराई, राजदुत, संयुक्त राष्ट्रसङ्घ, जेनेभाका लागि नेपालको स्थायी मिसन,
- श्री कोशलचन्द्र सुवेदी, सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
- श्री सेवा लम्साल, सहसचिव, परराष्ट्र मन्त्रालय,
- श्री तीर्थराज वाग्ले, मन्त्रीरउप स्थायी प्रतिनिधि, संयुक्त राष्ट्रसङ्घ, जेनेभाका लागि नेपालको स्थायी मिसन,
- श्री किरण शाक्य, उपसचिव, परराष्ट्र मन्त्रालय,
- श्री उत्तमकुमार शाही, काउन्सिलर, संयुक्त राष्ट्रसङ्घ, जेनेभाका लागि नेपालको स्थायी मिसन,

- श्री नारायणप्रसाद वाग्ले, उपसचिव, परराष्ट्र मन्त्रालय,
- श्री विजयराज तण्डुकार, प्रथम सचिव, संयुक्त राष्ट्रसङ्घ, जेनेभाका लागि नेपालको स्थायी मिसन,
- श्री भुवन पौडेल, दोस्रो सचिव, संयुक्त राष्ट्रसङ्घ, जेनेभाका लागि नेपालको स्थायी मिसन,
- श्री चण्डिका पोखरेल, दोस्रो सचिव, संयुक्त राष्ट्रसङ्घ, जेनेभाका लागि नेपालको स्थायी मिसन ।